*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*
**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५९४६६

बुद्ध सम्बत् २५६१
नेपाल सम्बत् ११३८
इस्वी सम्बत् २०१७
बिक्रम सम्बत् २०७४

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly

3rd DEC 2017

| वर्ष- ३५ | अङ्क- ८ | योमरी पुन्हि | मंसिर २०७४ |
|---|---|---|---|





अहिले तिमी पहेंलो पात जस्तो भइसक्यौं, यमदूतहरू तिम्रो सामु खडा भइरहेका छन्, विनाशको खुड्किलामा खडा भइरहेका छौ । तिमीसंग बाटो खर्च पनि छैन ।

त्यसकारण तिमीले आफ्नो द्वीप (रक्षास्थान) बनाउ । चाँडै कोशिस गरी पण्डित बन । मल रहित, कामतृष्णा रहित बनी दिव्य आर्यहरूको पदमा पुग्ने कार्य गर ।

अब तिम्रो आयु समाप्त भइसक्यो । यमराजको अगाडि पुगिसक्यौ । बीच बाटोमा तिम्रो निवास छैन बाटो खर्च पनि छैन ।

त्यसकारण तिमीले द्वीप बनाउ चाँडै कोशिस गरी काम, तृष्णा रूपी मल रहित पण्डित बन अनि तिमी फेरि जन्म मरणको चक्करमा पर्ने छैनौ ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# भगवान् बुद्ध एक आश्चर्यपूर्ण महामानव

**सब्बदा बहुजन हिताय च सुखाय च**

**उय्युत्तो अकिलासु च अहो अच्छरियोजिनो**

अर्थात्– बहुजन हित र सुख हुने कार्य गर्नको लागि कहिले पनि थकाई महशूस नगर्ने भगवान् बुद्ध एक आश्चर्यपूर्ण महामानब हुनुहुन्छ ।

हुनत भगवान् बुद्ध हुनु अगाडि र बुद्ध हुनुभएपछिको उहाँको विचारमा फरक देखिन्छ। किनभने बुद्ध हुनु अगाडि अर्थात् बोधिसत्त्व चर्या पूरा गरिरहनु भएको अवस्थामा उहाँले सर्बजन हिताय, सर्वजन सुखाय अर्थात् सबै प्राणीहरूको उद्वार गर्ने उद्देश्य राख्नुभएको थियो ।

तर बुद्ध हुनुभएपछि भिक्षुहरूलाई धर्मप्रचार गर्न जाने निर्देशन दिनुहुँदा उहाँले भिक्षुहरू ! बहुजन हिताय र बहुजन सुखाय्को लागि चारिका गर्नजानु भन्नु भएको थियो। यहाँ उहाँले सर्वजन हिताय सर्वजन सुखाय" भन्नु भएन । सर्वजन अर्थात" सबैलाई" भन्ने शब्द राम्रो त हो तर यो कार्य गर्न भने सम्भव छैन ।

८० वर्षिय वृद्ध अवस्थामा पुगी परिनिर्वाण हुन तयारी भइरहेको अवस्थामा उहाँसामु सुभद्र परिव्राजक नामको एक व्यक्ति धर्म छलफल गर्ने उद्देश्य राखी आएका थिए । त्यस्तो अशक्त अवस्थामा पनि भगवान् बुद्धले उसलाई फर्काउनु भएन र उहाँले त्यस व्यक्तिलाई यसरी धर्म उपदेश गर्नु भएको थियो–

**"अप्पमादेन सम्पादेथ"**

अर्थात् सधैं होशियारी र सतर्क रही जीवन यापन गर्नु ।

भगवान् बुद्ध भन्नुहुन्छ–

**"अत्ताहि अत्तनो नाथो कोही नाथो परोसिया"**

अर्थात्, मुक्ति प्राप्त गर्ने क्षेत्रमा आफ्नो भरोसा आफै हुन्छ । आफैले उत्साहपूर्वक मुक्ति मार्गमा लाग्ने कार्य गर्नुपर्छ। अरू कसैले हामीलाई हात समाती मुक्ति मार्गमा लान सक्दैन ।

उहाँले भन्नुभएको छ–

**"तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागत"**

अर्थात्– दुःखबाट मुक्त हुने कार्यमा सबैले आफै उत्साहपूर्वक कार्य गर्नुपर्छ। तथागत बुद्धले त मार्ग मात्र देखाउनु सक्नुहुन्छ ।

यसबाट प्रष्टाइरहेको छ, भगवान् बुद्धले कोही पनि व्यक्तिलाई मुक्त गर्ने जिम्मा लिनु भएको छैन । यसरी नै उहाँ भन्नुहुन्छ–

**"सुद्धि असुद्धि पच्चत्तं अञ्ञमञ्ञ विसोधये"**

अर्थात् शुद्ध बन्ने र अशुद्ध बन्ने त आ-आफ्नै जिम्मामा भर पर्छ। कसैले कसैलाई शुद्ध र अशुद्ध बनाउन सक्दैन ।

भगवान् बुद्धले हामीलाई कुनैपनि पुस्तक र कुनै पनि व्यक्तिको अधिनमा नरहने सुझाव दिनु भएको छ। आ-आफ्नो स्वतन्त्र चिन्तनले विचार पुऱ्याई ठीक र बेठीक छुट्टाई ठीक बाटो अपनाउने स्वतन्त्रता प्रदान गर्नु भएको छ ।

त्यति मात्र होइन उहाँले धर्मको क्षेत्रमा जातपातको कुनै भेदभाव नरहेको प्रमाण दिनुहँदै उपाली नाम गरेको राजकुलबाट आएका एक हजामलाई प्रव्रजित गर्नु भएको थियो। उसलाई अरहन्त हुने मार्ग प्राप्त गर्नसक्ने सम्मको शिक्षा र उपाय बताउनुभयो । उक्त हजामले भगवान् बुद्धले सिकाउनु भएको शिक्षालाई भित्री मनले अध्ययन गरी सोही अनुसार होशियारपूर्वक जीवन विताई अरहन्त हुन सफल हुनुभयो । उपालीलाई भगवान् बुद्धले विनय गर्ने कार्यमा उच्च तहमा पुगेको भनी एतदग्ग (प्रघान) पद पनि दिनुभयो ।

त्यतिमात्र होइन भगवान् बुद्धले अंगुलिमाल जस्तो हत्यारा, आलवक जस्तो राक्षसी स्वभावको व्यक्तिलाई पनि प्रकृतिको सत्यतथ्य नियम र धर्म बुझाउनु भई शान्त र शिक्षित व्यक्तिमा परिणत गर्नुभयो । अम्वपाली जस्तो गणिका (वेश्या) लाई पनि प्रकृतिको यथार्थ स्वभाव र नियम बताउनु भई अनित्य बोध गराई शान्त र शिक्षित महिलामा परिवर्तन गरि दिनु भयो । त्यसैले भगवान बुद्धलाई **"अनुत्तरो पुरिस दम्म सारथी"** अर्थात् कजाउन नसकिने दानव र अशिक्षित स्वभावका व्यक्तिहरूलाई पनि दमन गरी शिक्षित सभ्य र शान्त पार्न सक्ने उत्तम पुरूष भनियो ।



Downloaded from http://www.dhamma.digital

# सविवेक श्रद्धा

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

तीनै वेदमा पारंगत विद्वान वक्कलि ब्राह्मण बुद्धको आश्रममा पुगेछ । महापुरुषहरूमा हुने बत्तीस लक्षणले परिपूर्ण तथागतको सुन्दर तेजस्वी शरीर देखेर वक्कलि ब्राह्मण सहजै आकर्षित हुनपुगे । भगवानको अंग अंगबाट प्रस्फुटित प्रभा-रश्मि देखेर ब्राह्मण तुरून्त नै प्रभावित हुन पुगे । उनको अन्तरमनबाट निस्किएको अपरिमित मैत्री र करूणाको तरंगको प्रभाव पनि थियो । वक्कलिले निर्णय गऱ्यो कि भगवानको यस रूपको दर्शन म संधै गरीरहन्छु । अतः उसले घरबार त्यागेर प्रव्रजित भए र भिक्षु संघमा सम्मिलित भए । भगवानको सामू रहेर अधिक भन्दा अधिक सुखप्राप्त गर्नु नै उनको लक्ष्य थियो । उनी भक्तिको आवेशमा आएर रसमा लोलुप भएको भमरा झैं भगवानको रूपमा मख्ख हुन थाले । उसले शीलको वास्ता गरेन, समाधिको लागि अभ्यास पनि गरेन विपश्यना द्वारा प्रज्ञा जागृत गर्ने प्रयास पनि गरेन । जहिले पनि भगवानको सामू बसेर उनको प्रभा मण्डल सहितको मुहारलाई एकटकले हेरिरहन्थ्यो । भगवान् तथागत भने यस नयाँ भिक्षुको भावावेश पूर्ण भक्तिले सत्य धर्मबाट वंचित भएको हेरिरहनुभएको थियो । भगवानले उनलाई केन्द्रित गर्दै भन्नुभयो, "अरे, भिक्षु । मेरो यो शरीरलाई पागलले झैं के हेरिरहेको ? मेरो रूप- कायमा के ध्यान दिइरहेको ? यो शरीर भित्र पनि त्यत्तीकै फोहर, छ, गन्ध छ । यो मेरो शरीर पनि अन्यको जस्तै हो । यदि मलाई हेर्ने हो भने म भित्र रहेको धर्मलाई हेर । जसले धर्मलाई हेर्दछ उसले नै मेरो वास्तविक रूपलाई हेरेको हुन्छ । सही अर्थमा मलाई हेर्नेले म मा रहेको सत्य धर्मलाई देख्दछ बाहिरी शरीरलाई होइन ।"

**यो धम्मं पस्सति, सो ममं पस्सति ।**
**यो ममं पस्सति, सो धम्मं पस्सति ॥**

महाकारूणिकको यस धर्ममय वाणी सुनेर वक्कलि ब्राह्मणको प्रज्ञा चक्षु खोल्यो । उसले भगवान त साँच्चैको धर्मको मूर्त रूप हो भन्ने बुझे । अतः उनको दर्शन केवल काया दर्शनसम्म मात्र सिमित रह्यो भने साँच्चै पागलपनमात्र हुन्छ । उनको दर्शनमा सत्य धर्मको दर्शन हुनुपर्दछ, दिट्ठधम्मं निव्वाणं को दर्शन गर्नु पर्दछ । यो सांदृष्टिक निर्माण धर्म त अन्तरमुखी भएर स्वयं आफ्नो भित्र हेर्नको लागि हो, बाहिर हेर्नको लागि होइन । ब्राह्मणले कुरा बुझ्यो । प्रज्ञा द्वारा आफू भित्रको सत्य धर्म दर्शन नगरीकन बुद्धको चीवर पकडेर उनको पछी लाग्ने व्यक्ति उनी सँगै रहेर पनि कोसौं टाढा रहेको सरह हुन्छ । भगवान् भन्दा हजारौं माइल टाढा रहेर कुनै एकान्त स्थानमा रहेर अन्तरमुखी भई आफू भित्रको सत्य-धर्मको साक्षात्कार गर्ने व्यक्ति नै उनको समीपमा रहेको हुन्छ । धर्मको साक्षात्कार नै बुद्धको साक्षात्कार गर्नु हो । धर्मको नजीक रहनु नै बुद्धको नजीक रहनु हो । त्यसो भए बुद्ध के हो त ? सम्यक सम्बोधिको जिउँदो स्वरूप नै बुद्ध हो ।

वक्कलिको मनमा छाएको भक्ति भावावेशको अन्धकार हट्दै गयो । सत्य-धर्मको आलोक देखिँदै आयो । उसले भगवानसंग विपश्यनाको कर्मस्थान सिके र एकान्तमा गएर अभ्यास गर्न थाले । पुरानो भक्ति भावावेशले बीच-बीचमा केही बाधा गऱ्यो तर पनि यस साधकले निर्वाणको साक्षात्कार गरी छाड्यो । सबै आश्रव, क्लेश तथा वन्धनहरूलाई मिल्काई नितान्त विमुक्त अवस्था प्राप्त गऱ्यो ।

अतः अन्ध-भक्ति अन्ध-विश्वास र अन्ध-श्रद्धाले ब्याप्त साधक सही अर्थमा उन्नति गर्न सक्दैन ।

भगवान बुद्धले भन्नुभयो; **तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागत** अर्थात् तथागतले त केवल मार्ग प्रसस्त गर्दछ, विधि बुझाइदिन्छ काम त आफैले गर्नु पर्छ । सारा मार्ग त आफैले हिंडेर पार गर्नु पर्छ । यस यथार्थबाट टाढा रहेर बुद्धलाई अथवा अन्य कोही आचार्यलाई तारक मानेर साधना धर्मको अभ्यास नगरी उनी माथि नै निर्भर रहेर आफूलाई असमर्थ र निर्बल थानेर बस्यो भने त साँच्चै काम नलाग्ने जस्तै हुन्छ । धर्मको नाममा यस्तो भावनामयी भक्तिको हीन भावना कदापि कल्याणकारी हुन सक्दैन । आफ्नो कल्याणको लागि आफ्नो आत्मबल जीवित राख्नुपर्दछ । आत्मबल बनाई राख्नु र मुक्ति पथमा अगाडि बढ्नको लागि सँधै जागरूक भइरहनु अहमन्यता होइन ।

विमुक्ति-मार्गमा जानको लागि आत्मभावको



Downloaded from http://www.dhamma.digital

अहंमन्यताबाट बच्नु पर्दछ । आफू भित्र निहित अहंकार, ममकारलाई निकाल्नु अनिवार्य छ । परन्तु अहंकार निकाल्ने भनेर मनमा हीन भावना जगाएर आफैलाई दुर्बल र काम नलाग्ने थान्नु होइन । आफ्नो मार्गदर्शक धर्म-गुरुको प्रति श्रद्धा, भक्ति र कृतज्ञतापूर्ण विनम्रता बनाउनु नराम्रो होइन । परन्तु यसको साथै आफ्नो ज्ञान-विवेकको आँखा खोलीराख्नु पर्छ । आफ्नो गुरूको प्रति अन्ध श्रद्धा, अन्ध भक्ति र अन्ध-विश्वासमा डुबेर अलौकिक चमत्कार हेर्नु, देखाउनु शिष्य तथा आचार्य दुबैको लागि उत्तिकै हानिकारक हुन्छ । यस अन्ध भावावेशमा शिष्य र आचार्य फस्यो भने त्यहाँ मार्ग पनि पतन हुन्छ । इतिहास साक्षी छ, कसरी भगवानको यो कल्याणकारी विपश्यना पद्धति सिद्धिहरूको चमत्कारको चक्करमा फसेर यस देशबाट सर्वथा विलुप्त भयो । केवल गुरूको महिमा मात्रै गाएर अन्ध-श्रद्धाको पोषण गरेर यस बिसुद्धि मार्गलाई दूषित गऱ्यो र भगवानको परिनिर्वाणको एक-दुई सताब्दी पश्चात् नै भारतवर्षबाट यो कल्याणकारी मार्ग लोप भयो । शील,समाधि र प्रज्ञाको यो परम परिशुद्ध धर्म विपश्यना साधनाको मार्फत लामो समय पछि पुनः एकपटक जागृत भएको छ । यस मार्गको बिशुद्धि बनिरहोस् जसबाट सद्धर्म चिरकालसम्म प्रतिष्ठित भईरहोस् । यसको लागि कोही पनि साधक-साधिकाले आफ्नो मार्ग निर्देशक आचार्यको कुनै पनि अलौकिक चमत्कारलाई प्रोत्साहन नदिनु । उनको प्रति ईश्वरीय भाव जगाएर अन्ध श्रद्धामा नडुब्नु । तबमात्र गुरू-शिष्यको स्वच्छ, स्वस्थ आदर्श परम्परा स्थापित हुन सक्छ र चिरकालसम्म सबैको कल्याणकारी बनिरहन्छ ।

विपश्यना धर्म वर्तमानमा जिउने धर्म हो । यस समय जस्तो अनुभव भइरहेछ त्यही मात्र हामीलाई कामलाग्ने हुन्छ । अतः कल्पना र कामनाबाट बच्नु । झूठो आशा र आकांक्षाबाट बच्नु । आफ्नो प्रज्ञा स्वयं जगाएर यस क्षणको यथार्थ दर्शन गर्नु आवश्यक छ । यही '**अत्तसम्मा पणिधि**' हो, यही धर्मको आलम्बन हो । ज्ञान, विवेक, विद्या, प्रज्ञा र बोधिको आलम्बन हो । ❖

*(साभार- 'विपश्यना' वर्ष-३१, अङ्क-१०, २०७१ माघ)*

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
बि.सं. १९९० आषाढ

*दिवंगत :*
बि.सं. २०७४ भाद्र २३ गते
कृष्ण पक्ष द्वितीया

# दिवंगत प्रथम कुमार वज्राचार्य

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य **श्री प्रथम कुमार वज्राचार्य** दिवंगत हुनुभयो । यस शोकाकुल घडीमा उहाँका सपरिवारले संसारको त्रिलक्षण स्वभाव (अनित्य, दुःख र अनात्म) लाई बुझी धैर्यधारण गर्न सकुन् । दिवंगत उपासकको परलोक जीवन सुखमय भई निर्वाणको हेतु प्राप्त होस् भन्ने कामनाका साथ पुण्यानुमोदन गर्दछौं ।

## धर्मकीर्ति पत्रिका परिवार

**धर्मकीर्ति विहार, श्रीघः नःघः यैं**



Downloaded from http://www.dhamma.digital

# बैशाख पूर्णिमाको विशेषता

*लेखक-* **भिक्षु अश्वघोष**
*अनुवाद-* **वीर्यवती**

वर्ष दिन भित्र १२ वटा पूर्णिमाहरू हुन्छन्। ती मध्ये शुरूको पूर्णिमा वैशाख पूर्णिमा हो। शाक्यमुनीको जीवनकालको ३ महत्त्वपूर्ण घटनाहरू त वैशाख पूर्णिमाकै दिन खुला आकाशको रूखमुनि घटेको देखिन्छ। ती यसरी छन्–

(१) भगवान बुद्ध हुने व्यक्ति सिद्धार्थ कुमार आज भन्दा २६४१ वर्ष अघि वैशाख पूर्णिमाको दिन लुम्बिनी बनको रूखमुनि माता मायादेवीको कोखबाट जन्मनु भएको थियो।

(२) वैशाख पूर्णिमाको दिनमा नै उहाँले ३५ वर्षको उमेरमा बुद्धगयाको पिपलको रूख मुनि बुद्धत्त्व (बोधिज्ञान) प्राप्त गर्नु भई बुद्ध हुनु भएको थियो।

(३) बुद्ध हुनु भए पछि ४५ वर्ष सम्म धर्म प्रचार गर्नुहुँदै ८० वर्षको उमेरमा कुशीनगरको दुईवटा शाल वृक्ष मुनि उहाँ परिनिर्वाण हुनुभएको थियो।

यहाँ विचारणिय कुरा के हुन आउँछ भने भगवान बुद्धको जीवनकालमा धेरैजसो महत्त्वपूर्ण घटनाहरू रूख मुनि नै घटेको देखिन्छ। घर भित्र होइन।

यस विषयमा हामीले भन्न सक्छौं, रूखको गुण पवित्र र शुद्ध छ। किनभने रूखले कसैसँग कुनै आशा राख्दैन। यसले प्राणीहरूलाई शीतल हावा दिन्छ। छाँया प्रदान गर्छ। फल प्रदान गर्छ। रूखकै कारणले वाढी पैरो रोक्न मद्दत गर्छ। यसरी नै रूखले समय समयमा पानी पारी खडेरी हटाउन मद्दत गर्छ। यसले प्राणीलाई चाहिने अक्सिजन जस्तो शुद्ध हावा र हरियाली प्रदान गरी वातावरण शुद्ध र रमणिय पार्न मद्दत गर्छ। यसरी रूखले निश्वार्थ भावले प्राणीहरूलाई आफूले सक्दो परोपकार गरिरहेको हुन्छ भने यसको वदला आफूलाई केही प्राप्त गर्ने आशा राख्दैन।

यसरी नै भगवान बुद्ध, जसले रूखमुनि जन्मनु भई, रूख मुनि नै बुद्धत्त्व प्राप्त गरी रूखमुनि नै परिनिर्वाण हुनु भयो, उहाँले पनि संसारमा रहेका मानिसहरूलाई यस संसारको दुःखबाट मुक्त पार्नको लागि राज्य वैभव त्याग गरी ६ वर्ष सम्म कठोर तपस्या गरी संसारको त्रिलक्षण स्वभाव। (अनित्य, दुःख र अनात्म)लाई पत्ता लगाउनु भयो। प्रकृतिको नियम चतुआर्य सत्य पत्ता लगाउनुभई वैशाख पूर्णिमाकै दिन बुद्ध हुन सफल हुनुभयो। चतुआर्य सत्यको संक्षिप्त विवरण यसरी रहेको छ।

(१) दुःख सत्य - यस संसारमा जन्मेका सबैलाई ८ वटा दुःखले घेरिरेका हुन्छन्। ती यसरी छन्–

(क) जन्मनु नै दुःख हो।

(ख) जन्मिएपछि हरेक पल बुढाबुढी हुनपर्ने स्थिति तर्फ लम्कनुपर्ने बाध्यता आइपर्छ। त्यो पनि दुःख नै हो।

(ग) जन्मिएपछि कुनै न कुनै रोगको शिकार बन्नुपर्ने नि दुःख नै हो।

(घ) रोग लाग्ने मात्र होइन एकदिन यो शरीर त्यागी मरण हुनुपर्ने अवस्था पनि आईपर्छ। त्यो पनि दुःख नै हो।

(ङ) आफ्नो जीवनकालमा आफूसंग मन नमिल्ने व्यक्तिसंग जीवन बिताउनु पर्ने अवस्था पनि आई पर्छ। त्यो पनि दुःख नै हो।

(च) यसरी नै आफ्नो जीवनकालमा आफूलाई मनपर्ने व्यक्तिसंग विछोड भएर शोकाकूल भई जीवन बिताउनु-पर्ने अवस्था पनि आइपर्छ। त्यो पनि दुःख नै हो।

(छ) आफूले इच्छाएका सम्पूर्ण इच्छाहरू परिपूर्ति गर्न नसक्ने अवस्था पनि आइपर्दछ। त्यो पनि दुःख नै हो।

(ज) संक्षिप्तमा भन्ने हो भने पञ्चस्कन्ध शरीर धारण गरी यस संसारमा जन्म लिनपरे सम्म दुःख नै हुनेछ।

(२) दुःख समुदय सत्य - दुःखको मुख्य कारण नै तृष्णा हो।

(३) दुःख निरोध सत्य - यो दुःखलाई निर्मूल पार्न सकिन्छ।

(४) दुःख निरोधगामिनि प्रतिपदा आर्यसत्य - दुःख निर्मूल पार्नकोलागि ८ वटा मार्गहरूको अनुगमन गर्नु पर्दछ। ती मार्गहरू यसरी छन्-

क) सम्यक दृष्टि- ठीक तरिकाले बुझिलिने
ख) सम्यक वचन - नीयत ठीक गर्ने
ग) सम्यक कर्मान्त- ठीक तरिकाले कुरा गर्ने
घ) सम्यक कर्मान्त- ठीक तरिकाले काम गर्ने
ङ) सम्यक आजीविका- ठीक तरिकाले जीविका निर्वाह गर्ने



Downloaded from http://www.dhamma.digital

च) सम्यक व्यायाम- प्रयत्न ठीक हुनु

छ) सम्यक स्मृति- संधै होशयारी रहनु वेहोशी नबन्नु ।

ज) सम्यक समाधि- ठीक कार्यमा मन एकाग्र हुनु ।

यी ८ वटा मार्गहरूलाई नविराईकन जसले अभ्यास गर्न सक्छ, उसले सबै दुःखबाट मुक्ति प्राप्त हुने निर्वाण सुख प्राप्त गर्न सक्नेछ। बुद्धले पत्ता लगाउनु भएको यस ८ वटा मार्गले भगवान् बुद्ध जन्मनु भएको दिन वैशाख पूर्णिमाको विशेषता अझ बढाईदिएको छ। जति बढि संख्यामा मानिसले यस मार्गलाई अपनाई जीवन सफल पार्न सक्नेछ। वैशाख पूर्णिमाको महत्त्व अझ बढ्दै जानेछ। अनि मात्र ठीक तरिकाले वैशाख पूर्णिमा मनाएको ठहरिने छ। *क्रमशः*

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) रबिन श्रेष्ठ, बहिली, बनेपाबाट, दि. बुबा सानु काजी श्रेष्ठको पुण्यस्मृतिमा रु. ३०००/-

२) शाक्यसिंह विहार उपासक उपासिका पुचः, थैना, ल.पु.बाट – रु. २६००/-

३) पिपुल, सेसा उदास शाक्य, लगन खेल, पाटनबाट – रु. २०००/-

४) सावित्री सिं, भाटभटेनीबाट भोजनको लागि – रु. २०००/-

५) निर्मला मानन्धर, असन, कमलाक्षीबाट – रु. १०००/-

६) पुन्य शाक्य परिवार, ढल्को, काठमाडौंबाट – रु. १०००/-

७) आशना बज्राचार्य, विशालनगरबाट, जन्मदिनको उपलक्ष्यमा – रु. १०००/-

८) प्रेमज्योती शाक्य, बनेपाबाट – रु. ५००/-

९) बुध्द भक्त रञ्जित, बनेपाबाट – रु. ५००/-

१०) तुयू लक्ष्मी, अशोक रत्न शाक्य परिवार बनेपाबाट खाद्यान्न प्रदान ।

११) निरन शाक्य परिवार, जन्मदिनको उपलक्ष्यमा भोजन प्रदान ।

१२) शुभद्रा चित्रकार, भाटभटेनीबाट भोजन प्रदान ।

❀ **आजीवन वार्षिक भोजन प्रदानगर्ने दाताहरू :**

१३) बद्री माया मानन्धर, शान्ति नगर, खरिगेट, मीनभवनबाट दि. बजे जगत माया मानन्धरको पुण्यस्मृतिमा – रु. १५,५५५/-

१४) झीगु पासा पुचः, बनेपाबाट – रु. १५,१११/-

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



## दिवंगत संघरत्न मानन्धर

*जन्मः वि.सं. १९९५, माघ २८ गते*

*दिवंगतः वि.सं. २०७४ कार्तिक १४ गते, हरिबोधनी एकादशी*

बुद्ध विहार, भृकुटी मण्डपका प्रमुख,
अखिल नेपाल भिक्षु महासंघका महासचिव,
एवं
आनन्द भूमी बौद्ध मासिकका प्रधान सम्पादक
भिक्षु कौण्डञ्ञका
**आदर्श पिता संघरत्न मानन्धर**
असामयिक दिवंगत हुनु भएकोले उहाँको सुगति
र
निर्वाण कामना गर्दै पुण्यानुमोदन
गर्दछौं ।

**धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन परिवार**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल, काठमाडौं ।



Downloaded from http://www.dhamma.digital

# सच्चा दान अनन्त भेटी

✍ **नरेन्द्रनाथ भट्टराई**

दिनु, अर्पण गर्नु, चढाउनुलाई सबैले दान मानेका छन् र दानलाई ठूलो धार्मिक क्रिया पनि मानेका छन् । तर कर्ता भावमा र बाध्यता वश दिइएको दान, अर्पण गरिएको भेटी, कोसेलीका केही पनि रत्तिभर धार्मिक क्रिया हुँदैन र यस्तो दान, भेटीबाट त झन् अहंकार बढेर त्यो मानिस झन् झन् अधार्मिक बन्दै जान्छ । आज कतिपय मानिस आफूलाई गरीबलाई दिएका दान र भगवान्‌लाई चढाएका भेटी, नैबैद्य, पूजा सामाग्री आदिमा यस्तो दानी, यस्तो धार्मिक भनेर कहलाउनको लागि दिन्छन् भने कतिपय यति नदिए, यसो नगरे अरूले के भन्लान् भनेर दिने गर्छन् । कतिपयले चलन र विधि व्यवहार अनुसार यति त गर्नै पर्छ नगरे अनिष्ट हुन्छ भन्ने त्रासमा पनि गर्छन् । यस्ता कुनै पनि कारणबाट सच्चा दान बन्न सक्दैन । यी दान, भेटी, अर्पण आदि पवित्र साँचो अर्थमा धार्मिक कार्य हुँदैनन् ।

सवरी भन्ने तल्लो जातकी एक आइमाई रामकी परम भक्त थिइन् । राम बनवास गएका बखत सवरीले रामलाई चढाउन भनी बनमा गएर बयर खोज्न लागिन् । बयर टिप्दै चाख्न लागिन् । अमीलो, टर्रो वयर आफूले खाइन् । गुलियो बयर सबै रामलाई भनी झोलामा हाल्थिन् । यसरी चाख्दै स्वाद लिएको कारणले जुठो भएका बयर पातको थालीमा हालेर रामलाई चढाइन् । रामले त्यो जुठो बयर खाँदा भन्नुभएको थियो–

"यति मीठो स्वाद त मैले अयोध्यामा बस्दा मेरी आमा कौशल्याले खुवाएको खानाबाट पनि पाएको थिएन ।"

यस्तै श्री कृष्णका साथी सुदामाले कनिका अर्पण गरेको घट्ना पनि स्मरण गर्न लायकको छ । सुदामा ज्यादै गरीब थिए । तर उनी श्री कृष्णलाई अति प्रेम गर्थे । भेट्न मन लागेता पनि खाली हात जान सकेका थिएनन् । एकदिन श्रीकृष्णको प्रेमले ज्यादै आकर्षण गऱ्यो । घरमा केही थिएन । एकमुठी कनिका थियो । त्यही लिएर गए । श्रीकृष्णले त्यो कनिका अति मीठो मानेर काँचै खाइदिनुभयो ।

रामकृष्ण परमहंसले पनि कालीलाई दाल, तरकारी चाखेर मात्र चढाउने गर्नु हुन्थ्यो । जुठो खाना किन चढाएको भन्दा – "नून चर्को छ, कि खल्लो छ कि, ज्यादै तीतो छ कि आमालाई ठीक्क पो खान दिनुपर्छ" भन्नु हुन्थ्यो ।

यसैगरी खुट्टामा कोढ भएको एकजना माग्ने बाटोको छेउमा माग्दै थियो । कोही २ पैसा, कोही ४ पैसा त कोही एक रूपैयाँ सम्म पनि दिन्थे । मयलले कट् कटिएको थोत्रो गन्हाउने लुगा लगाएको परैबाट दुर्गन्ध आउने त्यो माग्नेको नजिकै एकजना युवक आएर त्यसलाई पैसा दिन भनी खल्तीमा हात हाले । माग्नेले ती युवकको मुख हेरिरहेको थियो । हात खल्तीमा आँखा भूइँमा टवाल्ल गरेर एकैछिन् अडिएर बडो नम्र स्वर गरेर एक हातले त्यो माग्नेको आङ्गमा थपथपाउँदै ती युवकले

"हेर भाई । खल्तीमा पैसा रहेनछ, माफ गर भोली दिउँला है ?"भने ।

त्यो माग्नेले हर्षाश्रु बगाउँदै, अहोभाव, प्रकट गर्दै भन्यो,

"मलाई भाई भनेर मेरो पिठयूँमा थपथपाएर यसरी प्रेम गरेपछि अरू के चाहिन्छ र ? लाखौं दिएको भन्दा बढी पाएँ ।"

माथिका चार घटनाबाट हामीले सच्चादान, सच्चा भेटी के कस्तो हुँदो रहेछ भन्ने कुरा राम्ररी बुझ्नुपर्दछ । ❖

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| *मिति २०७४* | *बुद्धपूजा गर्नुहुने गुरुमांहरू* | *धर्मदेशना गर्नुहुने गुरुमांहरू* |
|---|---|---|
| कार्तिक १० गते, शनिवार | श्रद्धाचारी | वीर्यवती |
| कार्तिक १८ गते, शनिवार, सकिमना पुन्हि | क्षान्तिवती | धम्मवती |
| कार्तिक २५ गते, शनिवार, अष्टमी | शुभवती | दानवती |
| मंसीर १ गते, शुक्रवार, संक्रान्ति | क्षान्तिवती | पञ्ञावती |
| मंसीर २ गते, शनिवार, औंशी | अमिता | खेमावती |



Downloaded from http://www.dhamma.digital

# रूपान्तरित विहारहरूबाट थेरवाद बुद्धधर्मको उत्थान–५

✍ श्यामलाल चित्रकार

सो संघ श्री संघरत्न निवा शाक्यको अध्यक्षतामा ११ सदस्य भएको सो संघ गठन भएको थियो। भक्तपुरमा बुद्ध धर्मलाई विस्तृत रुपले प्रचार प्रसार गर्न एउटा विहार भवन बनाउन जग्गा खोज्ने क्रममा थथु बहीको जग्गामा बनाउन बही संदस्यहरूबाट स्वीकृती प्राप्त भएता पनि नगरपालिकाबाट पर्ति जग्गा भनी नक्सा पास भएन। अरु जग्गाबारे खोजी गर्दा बौद्ध समंस्कृत विहार भग्नावषेश अवस्थामा रहेको र जग्गा पनि अस्तव्यस्त रहेको र सुरक्षित नभएकोले त्यस ठाउँमा थेरवाद विहार बनाउन खोजेको कुरा केहीलाई मन नपरेकोले वि.सं २०२८ साल फाल्गुण १३ रोज ५मा काष्ठ उद्योग कारखाना खोल्न दैनिक रु. १ भाडामा दिने गरी श्री कृष्ण गोपाल शिल्पकारलाई बहाल कबुलियतनामा लेखि दिएको थियो। यस प्रकार सिमित व्यक्तिहरूबाट विहारको उद्देश्य विपरित भएको कार्यलाई मुस्किलले सच्याइयो। संघका सदस्यहरूको एउटा बैठकबाट श्री संघरत्न निवा शाक्यको अध्यक्षतामा २२वटा दफाहरू भएको विधान सहित थथु बही जीर्णोद्धार अस्थाई समिति गठन गर्ने मिति २०२८साल चैत्र १२ गते निर्णय गरियो[९५] साथै सदस्यहरूबाट यथा श्रद्धा चन्दा उठाई निर्माण कार्य शुरु गर्दै गर्दा रकमको आवश्यकता बमोजिम सार्वजनिक रुपमा चन्दा उठाई विहारलाई सार्वजनिक विहार बनाउने र विहार बनाउन भिक्षुलाई राख्ने बा संघ समुदायको जिम्मामा भवन बनाउन ठेक्कामा दिने प्रस्तावमा ठेक्कामा दिने बहुमतबाट निर्णय भयो।[९६] विधानको २० नं.को प्रावधानलाई व्यवधान आएकोले थेरवाद बुद्धधर्म विकासमा एउटा अंकुश लागेको देखा पऱ्यो। सैद्धान्तिक कुरामा मेल नआए पछि अध्यक्ष श्री संघरत्न निवा शाक्यले अध्यक्ष पदबाट राजीनामा दिनु भयो। कुथुबही जीर्णोद्धार अस्थायी समिति पनि विघटन गरियो।[९७]

बौद्ध समंकृत विहार वा कुटुबहीको इतिहासमा परस्पर विरोधी कुराहरू र विचारहरूमा परिवर्तन आईरहेको देख्न सकिन्छ। बौद्ध संघ भक्तपुरको प्रयासमा बौद्ध समंकृत विहारलाई थेरवादी विहारमा रुपान्तरित गरियो र प्रायः सबैजसो गुठी (संघ) परिवारका १२६ जना सदस्यहरूको[९८] अनुमति (हस्ताक्षर लिई) वि.सं. २०३० साल आश्विन ३० गतेदेखि भिक्षु विवेकानन्दलाई विहारमा राखियो। भिक्षु विवेकानन्दले पनि सर्वप्रथम बुद्ध मूर्ति एउटा आफैले बनाई मिति २०३१ साल वैशाख १६ गते प्रतिस्थापन आयोजना सम्पन्न गरियो। बौद्ध संघ भक्तपुरको सकृयतामा र भिक्षु विवेकानन्दको नेतृत्वमा २०३१ साल पौष १ गते बौद्ध तीर्थ यात्रा पहिलो पटक शुरु गरियो। उक्त तीर्थ यात्रा टोलीमा सकृय रुपमा लागिपरेकाहरू मध्ये श्री धर्म सुन्दर शाक्य ( हाल विहारमा रहनु हुने भिक्षु धम्मसोभन) पनि हुनुहुन्थ्यो। यसरी तीर्थ यात्राका कार्यक्रमहरू २०३३, २०३६ र २०४५ सालहरूमा पनि सम्पन्न गरेका थिए। २०४५ सालको तीर्थ यात्राको प्रमुख नेतृत्व भिक्षु धम्मसोभनले नै गर्नु भएको थियो। तीर्थ यात्राबाट भएका बचत रकमहरू विहार मर्मत र सुधार कार्यमा लगाईएको थियो। २०३८ सालको वर्षावासको एक महिना नबित्दै उहाँलाई डाइबेटीज र ल्वडप्रेसर रोग लागेको थियो। काठमाण्डौंमा लगि उपचार पछि फेरी विहारमा नै फर्कनु भयो। ४ वर्ष पछि २०४२ साल कार्तिक ९ गते राती ११.१५ बजे नश्वर देह त्याग गरी देहावसान हुनु भयो। भोलि पल्ट कार्तिक १० विहान एउटा अविस्मरणीय घटना भयो। भक्तपुर नगरवासीहरूको अपार जनसमुहको लावालस्कर सहित विहार देखि उहाँको शवयात्रा शुरु गरी नगर परिक्रमा गरी हनुमान घाटमा दाहसंस्कार गरियो।[९९]

---

९५. उही, पृ. ८।

९६. उही, पृ. १०।

९७. उही पृ. ११।

९८. उही, पृ. १३,१४,१५।

९९. रत्नसुन्दर शाक्य, **भिक्षु विवेकानन्द महस्थविर व वसपोलया रचना संग्रह,** (ख्वपः सप्तमाया शाक्य, २०५०), पृ. १०–१४।



Downloaded from http://www.dhamma.digital

बौद्ध समंकृत विहारको इतिहासमा अर्को महत्वपूर्ण विवादित धटनाहरूमा विहार भित्र संघाराम बुद्ध विहारको एक तल्ले भवन निर्माण कार्य भईरहेको र सोही ठाउँमा दिपंकर बुद्ध प्रदर्शन गर्ने विषयमा उठेका विवादहरूलाई यथार्थ बुझ्नु पर्ने आवश्यक हुन्छ ।[१००] विहारको उत्तर र दक्षिण घरहरू भत्की पाताल भईरहेको अवस्थामा श्री पञ्च बहादुर चित्रकार अध्यक्ष रहेको काठमाडौंको बुद्ध धर्म सेवा संघले विधिवत १२६ जना कुटुवही परिवारका दाता महानुभावहरूको मञ्जुरिनामा लिई र भक्तपुर नगरपालिकाबाट नक्सा पास गराई विहारको उत्तर पट्टी ४० फीट लम्बाई र १३ फीट चौडाईको पक्की एक तल्ले घर निर्माण भइरहेको र सकिन लागेको बेला पहिलादेखि दिपंकर बुद्ध प्रदर्शन गर्न ठाउँ छोडिदेउ भनी झगडा भएको थियो । जबकि १५औं वर्ष अगाडि देखि आँगन घरको अगाडि स्थानमा दिपंकर बुद्ध प्रदर्शन गर्दै आईरहेको थियो ।[१०१] जवरजस्ती नै निर्माणाधीन निर्माण सामाग्री थुपारीएको ठाउँमा दिपंकर बुद्ध प्रदर्शन गरियो । यस विवादलाई लिएर बौद्ध संघले कुथुबही परिवारका सबै सदस्यहरूलाई सभामा बोलाई मिति २०३४/६/८, मिति २०३४/७/७ र मिति २०३४/७/८मा बसेको बैठकले बहाल कबुलियत कागज, रु. ११९२/८३को कागज रद्द गरी च्यात्ने निर्णयको साथै बहीद्यो ब्वयगु विषयमा वर्षभरी नै नगरी वर्षको ८ रात ९ दिन जनाई पूर्णिमा देखि प्रदर्शन गर्ने निर्णय गरेको छ ।[१०२]

## ४.३ भौतिक संरचनाहरूको निर्माण क्रम

यस विहारमा नयाँ भौतिक संरचना बनाउन भन्दा जीर्ण भई भत्केको बिग्रेको मर्मत सुधार गर्नु नै मुख्य काम भएको छ । विहार पुर्वाभिमुख भएको र पूर्व ढोकाबाट पस्नासाथ दायाँतिरको भित्ताको एउटा खोपामा बज्रवीर महाकालको मूर्ति छ । वायाँ भित्ताको खोपा खालि छ । दायाँ बायाँ एक/एक कोठा छ । दाँया कोठामा पहिले स्व. अनगारिका संघशीला गुरुमा बस्नु हुन्थ्यो । अहिले खाली छ । दक्षिण साईडबाट सिमेन्टको भऱ्याङबाट माथिल्लो तल्लामा जाने र बाहिर बरण्डाबाट भित्र कोठामा जाने गरिएको छ । भित्र पस्नासाथ लामो कोठाको उत्तर पट्टी थाईल्याण्डबाट ल्याइएको शाक्यमुनी बुद्धको मूर्ति प्रतिस्थित छ । त्यही हलमा बुद्ध पूजा आदि बौद्ध कार्यक्रमहरू भई रहन्छ। हल संगै बौद्ध समंकृत विहारका प्रमुख फ्राखु विशाल भिक्षु धम्मसोभन महास्थविर बस्ने गरेको कोठा छ । विहारको वीचमा चारपाटे चोक छ र चोकको बीचमा चैत्य एउटा छ। विहारको पश्चिम भेगमा विहारको पुरानो स्वरुपमै मर्मत गरी दुरुस्त राखिएको छ। भुँई तल्लामा गन्धकुटी देवटा शाक्यमुनी बुद्ध प्रतिस्थापन गरी राखेको छ। माथिल्लो तल्लाको आँगः कोठामा बज्रदेवी देउता रहेको छ। सो भन्दा माथि झिंगटे टायलले छाएको छ। विहारको उत्तर र दक्षिण भेगमा पूरा भत्की पाताल अवस्थामा थियो । उत्तर भेगमा माथि उल्लेख भए बमोजिम अनेक दुःख कष्ट गरी एक तल्ले पक्की घरको निर्माण सम्पन्न गरी मिति २०३७ आषाढ २० गते शिलापत्र लेखि थेरवादी भिक्षु महासंघलाई संघदान गरिएको थियो ।[१०३] उक्त घरको कोठामा बुद्धमूर्ति प्रतिस्था गरी स्व. वजीरत्राणी  गुरुमा बस्नु हुन्थ्यो । अहिले सो कोठा खाली छ । दक्षिण भेगमा पर्खालले घेरी जस्ताले छाएको खुल्ला दलान छ। त्यस स्थानमा बौद्ध कार्यक्रमहरू भइ रहन्छ ।

## ४.४ विभिन्न बौद्ध कार्यक्रमहरूको थालनी

थेरवादी परम्परा अनुसार यस विहारमा महिनाको दुई वटा अष्टमीमा , पूर्णिमा र औंसीमा विहान बुद्ध पूजा हुन्छ र बुद्ध पूजापछि समय अनुसार धर्मदेशना र ध्यान हुन्छ । वैशाख पूर्णिमाको दिनमा बिहान सबेरै नगरवासीहरूलाई सुचना दिने गरी बाजा र बौद्ध झण्डा सहित नसँचा (नगर परिक्रमा) गरिन्छ । यस विहारमा भिक्षुहरूको वर्षावास हरेक साल भई रहन्छ । वर्षावास पछि कथिन चीवरदान उत्सव पनि भई रहन्छ । वि.सं. २०६८ सालमा थाई सरकारले कथिन चीवरदान गरेको

१००. निवा शाक्य र  पा. टि. ४२)

१०१. उही, पृ १९ ।

१०२. उही, पृ. २२–२७ ।

१०३. शोधपत्रमा समावेस परिशिष्ट नं. ५, चित्र नं. ५५ ।



Downloaded from http://www.dhamma.digital

थियो । जस्को निस्सा स्वरुप ताम्रपत्रमा लेखी संघाराम बुद्ध विहार भवनको माथि पर्खालमा ठोकी राखेको छ।[१०४] सो अवसरमा थाई सरकारका गण्यमान्य पदाधिकारीहरू पनि उपस्थित हुनुहन्थ्यो । यस विहारको आयोजनामा बरोवर बौद्ध तीर्थ यात्रा कार्यक्रमहरू पनि भई रहन्छ ।

**५. उपसंहार**

हाल काठमाण्डौंमा प्रचलित तीन वटै यानका अनुयायीहरू बुद्धधर्मलाई प्रचार प्रसारमा लागि परेका देखिन्छन् । बुद्धले सिकाएको मूलभूत सिद्धान्त स्वतन्त्र चिन्तनलाई अपनाई सही धर्म अपनाउने प्रयासमा लाग्नु पर्ने हुन्छ। बौद्धऋषि महाप्रज्ञाको आगमन देखि हालसम्मको अवस्थालाई विचार गर्दा थेरवाद बुद्धधर्मको विस्तार हुँदै गइरहेको पनि देखिन्छ । अध्ययन गरिएका विहारहरू सम्बन्धमा केही ब्यहारोहरू निम्न बमोजिम प्रस्तुत गरिएका छन् ।

**५.१ मुनि विहार सम्बन्धमा**

गएको डेढ दशकमा विगतका दशकहरूमा भन्दा मुनि विहारको तीब्र रुपमा प्रगति भएको भन्नु पर्छ । संघराज शतवार्षिकी बहुउद्देश्यीय भवन पनि यथा समयमा निर्माण हुने आशा गर्न सकिन्छ । भिक्षु रत्नज्योति महास्थविरको जीवनी विचार गर्दा भिक्षुहरूको जीवनको बुढेसकाल र विरामीको अवस्थामा सेवा गर्नेहरूको समस्या देखिन्छ । यसलाई मध्य नजर राखी आवश्यक व्यवस्था तिर कदम चाल्ने सोच भएकै हुनु पर्दछ ।

भक्तपुरको मुनि विहार पुस्तकमा विहारको गतिविधिबारे बिस्तृत विवरण सहित प्रकाशित भएको हेर्न पाउँदा अध्ययनकर्ताहरूलाई निकै सहयोग पुग्न गएको देखिन्छ । कुनै कुनै ठाउँमा द्विविधापूर्ण अभिव्यक्ति अस्वाभाविक भन्न मिल्दैन । जस्तोकि: विहारको चोकको बिचमा रहेको चैत्य पुरानो मौलिक चैत्य भनी एक ठाउँमा लेखिएको छ ।[१०५] भने अर्को ठाउँमा पुरानो छोपी नयाँ बनाएको भनी लेखिएको पाईएको छ ।[१०६]

सबै प्रकारका स्वशासित संगठित संस्थामा सरकारी निकायमा दर्ता गर्ने, आर्थिक प्रतिवेदन तयार गर्ने, लेखापरिक्षण गराउने, दर्ता नवीकरण गर्ने विषय चर्चा हुने गर्दछ। यस मुनि विहारमा पनि चर्चा भएकै हुनुपर्दछ। यस मुनि विहार बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति श्रीमहल, पुल्चोक, ललितपुरको कार्यालयमा दर्ता नं. २०८३बाट मिति २०७२/१२/१६ मा मुनि विहार (धर्म उत्तम विहार)को नाममा दर्ता भएको देखिन्छ । भिक्खु विपस्सी श्रामणेरलाई मुनि विहारको प्रमुखको परिचय पत्र नं. २४६ मिति २०७२/१२/१५मा जारी गरेको छ र सो परिचय पत्रको म्याद मिति २०७३/१२/१५ सम्म रहेको छ । दर्ता प्रमाण पत्र र परिचय पत्रको नवीकरण विकास समितिको नियम बमाजिम हुनेछ ।

**५.२ पाटी विहार सम्बन्धमा**

बाहा: बहीहरूमा आ-आफ्नो समुदाय भित्र मात्र बौद्ध कार्यक्रमहरू संचालन हुने र जजमान कहाँ गई दश संस्कार कर्म पूजा गर्ने बाहेक बुद्ध शिक्षाबारे प्रकाश पार्ने काम विरलै हुन्छ । थेरवाद बुद्धधर्ममा जातिवाद नमान्ने, सबैलाई समान दृष्टिले हेर्ने र सुखी जीवनको मूल्य र मान्यताको फोरम र प्लेटफर्म हुने भएकोले छोटो समयमै पाटी विहार लोकप्रिय हुँदै गई रहेको छ । पाटी विहारको विशेषतामा यो विहारमा जमिनमा खोक्रो स्तुप बनाई भित्र ठूलो बुद्धमूर्ति भएको, बुद्धपूजा गर्न, ध्यान गर्न शान्त ठाउँ भएको र बाहिर स्तुप वरिपरी काठको कलात्मक झ्याल ढोकाहरूले सजिएकोले पर्यटन विकासमा टेवा पुऱ्याएको छ । यो विहारको प्रशस्त प्रगतिको संभावना छ । प्रगतिको आधार एउटा संगठनात्मक स्वरुप पनि हो। संगठनलाई बलियो बनाउन र कानूनी मान्यता पाउन र अन्य स्वदेशी विदेशी संस्थाह्रूसंग संपर्क बढाउन पाटी विहार नेपाल सरकारको सम्बन्धित निकायमा संस्था दर्ता गरी संचालन गर्ने विषयमा विचार गर्नु उचित होला । *क्रमश:*

१०४. शोधपत्रमा समावेस परिशिष्ट नं. ६ हेर्नुस् ।

१०५. विपस्सी, पूर्ववत् (पा.टि. ४ ) पृ. ण

१०६. उही, पृ. ९ ।

**"भरसक आफूभन्दा गुणी मानिसको सत्संगत गर्नु, नभए आफू समानको सत्संगत गर्नु, तर आफू भन्दा दुर्गुणीको सत्संगत कहिल्यै नगर्नु, यस्ताको संगत गर्नुभन्दा त सुदृढ मन राखि एकलै हिंड्नु जाति छ ।"**

- अज्ञात वर्ग, धम्मपद



Downloaded from http://www.dhamma.digital

# बौद्ध प्रश्नोत्तर-८

*सम्पादिका-* **धम्मवती**
*अनुवाद-* **दिलकमल तुलाधर**

प्रश्न- २०७. **मदिरा सेवनद्वारा उत्पन्न हुने दोषहरू के के हुन् ?**
उत्तर- (१) धन नाश हुन्छ, (२) आफ्नो घरका जहानहरूसित झगडा हुन्छ, (३) आफ्नो शरीरमा रोग हुन्छ, (४) कसैले पनि विश्वास गर्दैन खालि रक्सीवाज भनेर पुकार्दछन्, (५) लाज-सरम नमान्ने बहुला जस्तै हुन्छ, (६) प्रज्ञाहीन हुन्छ।
प्रश्न- २०८. **कुसमयमा डुल्नाले कति प्रकारका दोष छन् ?**
उत्तर- (१) आफ्नो जीवन रक्षा हुँदैन, (२) आफ्नो परिवारलाई सुरक्षा हुँदैन, (३) धन सम्पत्तिको रक्षा हुँदैन, (४) अरूहरूले निन्दा गर्छन्, (५) चोर भनेर पुकार्द छन्, (६) अनेक प्रकारको दुःख कष्ट हुन्छ ।
प्रश्न- २०९. **नाच हेर्नाले कति प्रकारका दोष पैदा हुन्छन् ?**
उत्तर- (१) धन सम्पत्तिको हानि हुन्छ, (२) चित्त स्थिर हुँदैन, (३) चित्त चञ्चल हुन्छ, (४) अनर्थ हुन्छ, (५) जहिले पनि हेर्ने मात्र प्रबल इच्छा पैदा हुन्छ, (६) गर्नु पर्ने काम त्यसै रहिरहन्छ ।
प्रश्न- २१०. **जुवा खेल्नाले पैदा हुने दोषहरू के के हुन् ?**
उत्तर- (१) जित्यो भने शत्रु बढेर आउँछन्, (२) हार्‍यो भने अपशोच हुन्छ, (३) गरीब भएर बस्नु पर्नेछ, (४) आफ्नो नाताहारहरूले हेला गर्ने छन्, (५) अरूले विश्वास गर्दैनन्, (६) कुनै केटीसित बिहा गर्न गाह्रो पर्ला ।
प्रश्न- २११. **कुमित्रसित संगतद्वारा पैदा हुने दोष के के हुन् ?**
उत्तर-
(क) बदमास मित्रसंग मात्र संगत भइरन्छ,
(ख) बेश्याहरूसित संगत हुन्छ,
(ग) भट्टीमा जाने मित्रहरूसंग मात्र सहवास गर्न मन लाग्छ,
(घ) गुण नजान्ने मित्रहरूसंग मात्र भेट भइरहन्छ,
(ङ) आफूलाई ठग्ने मित्रहरूसंग संगत हुन्छ,
(च) लुच्चा साथीहरूकहाँ मात्र पुग्नु पर्ने हुन्छ ।
प्रश्न- २१२. **अल्छी कति प्रकारका छन् ?**
उत्तर- (क) असाध्यै जाडो छ भनेर गर्नु पर्ने काम नगरी बस्ने ।
(ख) असाध्यै गर्मी छ भने काम नगरी बसीरहन्छ ।
(ग) असाध्यै अबेर भयो भनेर गर्नु पर्ने काम नगर्ने ।
(घ) असाध्यै सबेरै भयो भनेर काम नगर्ने,
(ङ) धेरै खाएकोले काम गर्न पछि सर्छन्,
(च) असाध्यै भोक लाग्यो भनेर काम नगर्ने ,
प्रश्न- २१३. **कसलाई सच्चामित्र भन्दछन् ?**
उत्तर- आफूलाई आपद-विपद हुँदा तन-मन धनले मद्दत गर्ने, उपकार गर्नेलाई नै सच्चामित्र भन्दछन् ।
प्रश्न- २१४. **पतन हुने मुख्य कारण के के हुन् ?**
उत्तर- (१) घाम नलागेसम्म सुतिरहने, (२) आफ्नो श्रीमती छँदा छँदै पनि अरूसित भूल्ने, (३) जोसित पनि द्वेष-भावना मात्र लिने, (४) नहुने काम गर्ने, (५) कुसंगतमा पर्ने, (६) असाध्यै लोभी र आशावादी मात्र हुने ।
प्रश्न- २१५. **कुमित्र कति प्रकारका छन् ?**
उत्तर- (क) अर्काको मात्र लिने, आफ्नो नदिने,
(ख) वचनले मात्र मित्र भन्ने काम केही नगर्ने,
(ग) अगाडि प्रशंसा गर्ने, पछाडि निन्दा गर्ने,
(घ) खराब कामको मात्र सल्लाह दिने ।
प्रश्न- २१६. **ठग्ने मित्र कस्तो हुन्छन् ?**
उत्तर- (क) आफ्नो केही पनि नदिने अर्काको मात्र लिने,
(ख) आफ्नो अलिकति दिइ अर्काको धेरै लिने,
(ग) आफ्नो काम सिद्धिए पछि मित्रलाई नदेखे जस्तो गर्ने,
(घ) आफूलाई फाइदा भयो भने अरूलाई जे पनि ठीक छ भन्ने ।
प्रश्न- २१७. **वचनले मात्र मित्र भाव लिनेको लक्षण के ?**
उत्तर- (क) बिती सकेको कुरा मात्र गर्ने,
(ख) भविष्यको न चाहिने कुरा मात्र गर्ने,
(ग) बहाना मात्र गर्ने,
(घ) जे कुरा पनि ठीक पारी कुरा गर्ने, काम नगर्ने ।
प्रश्न- २१८. **श्रीलंकाबाट प्रकाशित गरेको प्रसिद्ध बौद्ध पत्रिकाको नाम के हो ?**
उत्तर- वर्ल्ड बुद्धिजम् (World Buddhism)
प्रश्न- २१९. **श्री ३ जुद्ध शम्सेरले नेपालबाट निष्काषित गरेको भिक्षुहरू कस्को प्रयत्नले पुनः नेपाल आउन पाए ?**



Downloaded from http://www.dhamma.digital

उत्तर- भिक्षु अमृतानन्द महास्थविरको प्रयत्नबाट श्रीलङ्का नारद महास्थविर नेपालमा आउनु भएकोले ।

प्रश्न- २२०. **भारतमा बुद्ध-धर्मको धेरै किताबहरू लेख्ने को थियो ?**

उत्तर- पण्डित राहुल साँकृत्यायन ।

प्रश्न- २२१. **भारतमा बुद्ध-धर्म पुनरूद्धारक को थियो ?**

उत्तर- श्रीलङ्काका अनगारिक धर्मपाल ।

प्रश्न- २२२. **वर्माको प्रसिद्ध चैत्यको नाम के हो ?**

उत्तर- स्वेतगोङ चैत्य ।

प्रश्न- २२३. **नेपाल अधिराज्यभित्र सबैभन्दा पहिले थेर वाद बुद्ध-धर्म ल्याउने को थियो ?**

उत्तर- महाप्रज्ञा ।

प्रश्न- २२४. **राजधानीमा थेरवाद बौद्ध धर्म ल्याउने को थियो ?**

उत्तर- भिक्षु प्रज्ञानन्द महास्थविर ।

प्रश्न- २२५. **नेपालमा पहिले भिक्षुहरूले उपोसथ कहाँगरे ?**

उत्तर- पाटनको सङ्घमोलमा ।

प्रश्न- २२६. **नेपालमा जातपात बनाएर र भिक्षुहरूलाई गृहस्थी बनाउने को थियो ?**

उत्तर- जयस्थिति मल्ल ।

प्रश्न- २२७. **लुम्बिनीमा हिंसाकर्म बन्द गराउने को थियो ?**

उत्तर- श्री ३ चन्द्र शम्सेर ।

प्रश्न- २२८. **श्री लंकाको प्रसिद्ध चैत्यको नाम के हो ?**

उत्तर- सुवर्ण माली चैत्य ।

प्रश्न- २२९. **आनन्द स्थाइ सेवक भएको बेलामा बुद्ध कति वर्षको हुनुहुन्थ्यो ?**

उत्तर- पचपन्न वर्षको ।

प्रश्न- २३०. **नारीहरू भिक्षुणी हुन पाउने भएको कसको प्रयत्नले ?**

उत्तर- आनन्द भिक्षुको प्रयत्नले ।

प्रश्न- २३१. **बुद्ध भइसके पछि कति वर्षभित्र विनय नियम बनाउनु भयो ?**

उत्तर- बीस वर्ष भित्र ।

प्रश्न- २३२. **विशाखाले बुद्धसित के के वर मागेकी थिइन् ?**

उत्तर- (क) भिक्षु संघलाई नुहाउने कपडा दिनु,
(ख) आगन्तुकहरूलाई भोजन दान दिनु,
(ग) यात्रीहरूलाई भोजन दान दिनु,
(घ) रोगीहरूलाई भोजन दान दिनु,
(ङ) रोगीको सेवकलाई भोजन दान,
(च) बिरामीहरूलाई औषधी दान,
(छ) रोगीहरूलाई जाउला दान,
(ज) भिक्षुणीहरूलाई ऋतुमती कपडा दान ।

प्रश्न- २३३. **विशाखा उपासिकाको विवाहको समयमा आफ्नो आमा बाबुले के के शिक्षा दिएका थिए ?**

उत्तर- (क) भित्रको कुरा बाहिर प्रकट नगर्ने,
(ख) बाहिरको कुरा भित्र नल्याउने,
(ग) विश्वास हुनेलाई मात्र दिने,
(घ) विश्वास घातीलाई कहिल्यै नदिने,
(ङ) दु:खीलाई दिने,
(च) सासु, ससुरालाई ख्वाइसके पछि आफूले खाने,
(छ) सबै सुति पछि ढोकाका चुकुल लगाएको हेरविचार पुऱ्याई आफू सुत्ने,
(ज) आदर गर्नु पर्नेहरूलाई आदर गरी बस्न जान्नु पर्छ,
(झ) सासु, ससुरा र पतिको सेवा गर्ने जान्नु पर्ने,
(ञ) श्रमण र आगन्तुक गुरूहरूलाई देवता जस्तो मानमर्यादा गर्नु पर्छ ।

प्रश्न- २३४. **नेपालमा थेरवादी शासन कुन सालदेखी चल्यो ?**

उत्तर- विक्रम सम्वत् १९८६ सालदेखि ।

प्रश्न- २३५. **बर्मामा सर्व प्रथम बुद्ध-धर्म कसले प्रचार गरे को थियो ?**

उत्तर- श्रोण र उत्तर स्थबिहरूले ।

प्रश्न- २३६. **ग्रन्थको रूपमा त्रिपिटक निस्केको समय कुन हो ?**

उत्तर- बुद्ध परिनिर्वाण भएको पाँच शय वर्ष पछि। अर्थात् श्री लङ्काको वट्टगामिनी राजाको पालामा ।

प्रश्न- २३७. **त्रिपिटक पहिले केमा लेखिएको थियो ?**

**उत्तर- ताडपत्रमा (लंकामा) ।**

प्रश्न- २३८. ढुंगामा त्रिपिटक लेखिएको देशको नाम के ?

उत्तर- बर्मा ।

प्रश्न- २३९. **अशोक राजा भेटेको बेला निग्रोध श्रामणेरले के भनेको थियो ?**

उत्तर- अप्रमादीहरू कहिल्यै पनि मर्दैनन्, प्रमादीहरू मात्र बाँचेर पनि मरेकै वराबर हुन्छन् ।

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

# परित्राण पाठया अर्थ

✍ सुनिता मानन्धर

**मातापितु–उपट्ठानं, पुत्तदारस्स सङ्गहो ।**
**अनाकुला च कम्मन्ता, एतं मङ्गलमुत्तमं ॥**

थ्व मंगलसुत्रया छगू भ्वः खः गुगु गाथा परित्राण पाठ यायेगु इलय् ब्वनी । झी मध्ये आपासिया हे परित्राण पाठ यायेगु चलन दु । बुद्ध शिक्षां झीत न्हियान्हिथं हे परित्राण पाठ यायेमाःगु खँ स्यनी । परित्राण पाठ यायेवं भय नाश जुइ । विघ्नबाधा दइमखु । शत्रुं दुःख बीमखु । निरोगी जुइ धइगु विश्वास दु । उकिं मनय् आकुल ब्याकुल जुल किं परित्राण पाठ याइ । थः जक मखु छेँ जः जः लाखः ला व देय्या सकसिया भिं तंसे परित्राण पाठ याइ । उलि जक मखु मदया वने धुंकूपिं जाति बन्धुया सुखावती भुवनय् बास लायेमाः धकाः नं पाठ याइ । तर छुं परित्राण पाठ यायेवं सकतां फसं पुइकु थें मदया वनीगु खः ला ?

नकतिनि च्वय् न्ह्य-थनातःगु गाथां झीत थःगु कर्तब्य बोध याकी । थुकी मांबौया सेवा उपस्थान यायेगु, काय्म्ह्याय् व कलाः या संग्रह यायेगु, ब्याकुल मजुइक ज्याखं यायेगुयात मंगलकथं कयातःगु दु । थुपिं प्यता जक मखु । मंगलसुत्रय् स्वीच्यागू कथंया मंगल न्ह्यथना तःगु दु । थुगु सकतां मनुखं मयासें मगाःगु ज्याखँत खः । थुकथं सुथ न्हापां स्वीच्याता कथं मंगल गाथा ब्वनी । तर गाथा ब्वँ थें ब्यवहारिक जुइ मफुत धाःसा थुकिं छुं फाइदा याइमखु । थःम्हं थः छेँजःपिंत यायेमाःगु कर्तब्य पूमवंकुसें न्हिन्हिं गाथा जक ब्वनाः जूसां थुकिया मू दइमखु । परित्राण पाठ यायेगु न्हिया न्हिथं थःगु कर्तब्य बोध यायेत खः ।

खण्ड सुत्र पाठ यायेवं विषधारी सर्पतपाखें भय दइमखु । थुलि जक मखु थुकिं तुति मदुपिं सत्वपाखें भय रहित जुइ । थुगु सुत्रं मैत्री भाव तइगु खः । निपा चूपिं, प्यपां चूपिंनिसें कयाः सत्व प्राणीया मित्रभाव व स्नेह तइ । थुकथं मित्रभाव तयेवं इमिपाखें भय मदया वनीगु स्वाभाविक हे खः । थन छम्ह हायात हे काये । वं सुयातं अथें न्याइमुख । तर जब वयात छुं भय जू थें ताइ । व थःसी हे माः सां मेपिंत न्याना बी ।

मित्रभाव तयेफःसा जंगलया धुँ भालु नाप नं याउँक जीवन हने फइ । थाइल्याण्डय् जंगली धुँ नापनापं च्वनाच्वंपिं मनूत खंकेफु । भालुयात थःगु छेँय् लहिना जुइपिं नं दु । थ्व सकतां मित्रभावया कारणं हे खः । थुकथं खण्डसुत्रं झीत प्राणीनापं मित्रभाव तयेगु स्यना बी । थुकिं यानाः भयरहित जुयाः म्वाये फइ ।

परित्राण पाठ यायेगु धइगु वासः नये थें खः । जब सुं ल्वगिं वासः नइ । वयाके आत्मबल बल्लाइ । वासः नये धुन । उकिं ल्वय् लनी धकाः निर्धक्क जुइ । परित्राण पाठं नं झीगु आत्मबल बल्लाका बी । धज्जग सुत्र पाठ यायेवं छुं कथं भय वइमखु । यदि भय ब्वलन, चिमिसं तिंतिं स्वात, थारा न्हुल । वा छुं कथंया त्रास ब्वलंसां तथागतया ध्वाँय् स्वयेमाःगु खँ न्हयथनातःगु दु । छु थन ध्वाँय् स्वयेवं सकतां भय तना वनी ला ? भय ब्वलंकीगु मनया कारणं खः । गुम्हेसिके आत्मबल म्हो जुइ । व आपाः भयभित जुइ । तथागतया गुण लुमंकेवं मनय् आत्मबल ब्वलना वइ । थः यात वसपालेलया साथ दु थें ताइ । थन छगू मेगु दसु नं न्ह्यथनातःगु दु । देशय् मेगु शत्रु देशं युद्ध याः वल । थुगु इलय् सकलें ग्याइ । भयभित जुइ । थुगु इलय् छुं छगू भलसा वा आधारया आशा याइ । थुगु हे इलय् यदि सुनानं देय्या प्रतिनिधि कथं देय्या ध्वाँय् ज्वना वइ । अले सकलें जनताया आत्मबल बल्लाई । अन ध्वाँय् छगुलिं सकसियां मू मनूया प्रतिनिधित्व याइ । शत्रु खनाः ग्याइमखु । सी खना नं ग्याइमखु ।

**<u>बुद्ध सम्वन्धी केही जानकारीहरू –</u>**

★ सुप्रिया उपासिकाले एकजना विरामी भिक्षुको लागि आफ्नै जाँघको मासु काटेर खुवाएकी थिइन् ।

★ बुद्धको पालामा सबभन्दा राम्ररी कथा भन्नसक्ने भिक्षुणी थिइन् - धम्मदिन्ना ।

★ खेमा र उत्पलवर्णा - यी दुईलाई बुद्ध शासनमा अग्रश्राविका (=उत्तम भिक्षुणीहरू) मानिन्छन् ।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

परित्राणयात छ्गू कथंया वास:या रूपय् कयात:गु दु। परित्राण पाठं सीत्यंम्ह म्वाइ वा मम्वाइ धइगु खँ जुजु मिलिन्द्रं नागसेन भन्तेयात न्यंगु ख:। थुगु खँ बौद्ध ग्रन्थे मिलिन्द्र प्रश्नया मृत्युया पाशं जुइगु विषयय् प्रश्नय् न्ह्यथनात:गु दु। जुजुं मिलिन्द्रं छु परित्राण पाठं मृत्यु पासं मुक्त जुइगु ख:ला धइगु न्ह्यस: त:गु ख:। थुकियात नागसेन भन्तेपाखें थीथी कथंया उपमा व उपमेय्य बिया: ध्वाथुइका बिज्या:गु दु। परित्राण पाठ यात कि मृत्युं बचे जुइ फइ। तर सकलें मखु। वसपोलं धयाबिज्या:गु दु-सी धुंकूगु, हा नापं गने धुंकूगु सिमायात द्व: छिगः घलं ल: बिउसां व हानं म्वाना वइमखु। अथेहे आयु फुइ धुंकुपिं न्ह्याक्व: हे परित्राण पाठ या:सां म्वाइमखु। परित्राणं म्वायेगु आयु दनिपिंत जक रक्षा याइ। मभिंगु कर्म पनात:पिंत रक्षा याइ। आरक्षण यायेत हे जक परित्राण पाठ याइगु ख:।

थौंया आधुनिक युग। थन यक्व: कथंया उपचार विधि दु। ल्वचं कल, सित धायेम्वा:। वास: याना: ल्वय् शान्त जुल धाये दु। तर अयनं थन न्हियान्हिथं प्राणी सिनाच्वनी। छम्ह निम्ह जक मखु। द्वलंद्वः सिनाच्वनी। वासलं म्वाका तये मफु। अमर अजर याये मफु। थुकथंया खँ थुइका परित्राण मू ध्वाथुइके फइ। वास: नं आयु ल्यंदनिपिंत जक थिइगु ख:। धन दयां वास: जक नकां मनूयात अमर याये फइमखु। अथे हे परित्राण पाठं जक नं अमर याये फइमखु।

परित्राण पाठ यायेगु इलय् सचेत जुइमा: गु खँ बौद्ध ग्रन्थय् न्ह्यथनात:गु दु। परित्राण पाठ याइम्हं शब्द अर्थ शुद्ध कथं पाठ याइम्ह, पूवंक अभ्यास याइम्ह, लाभ सत्कारया आशा मयासें पाठ याइम्ह जुइमा:। चित्तयात शुद्ध यायेमा:गु कारणं थुकथंया नीति दयेकात:गु ख:।

परित्राणं भय तंकी। ल्वय् लंकी सुखशान्ति ब्वलंकी। दु:ख मदयेकी। थ्व भ्हीगु विश्वास ख:। तर परित्राणं थुलि याना बी। चित्त स्थीर याना बी। थुकिं थ:गु कर्तब्य बोध याकी। नापं सकलें प्राणीपिं नापं मैत्रीभाव ब्वलंका बी। परित्राणयात छ्गू कथं वास:या रूपय् कायेफु। उकिं परित्राण यायेगु इलय् नित्य कर्म पुवंके थें तायेकेगु जक मखु। थुकिं बिउगु शिक्षायात नाला कायेगु हे परित्राण यायेगु ख:। ❖

# मां मायादेबी

✍ **लेलिन शाक्य**


*मां जुया: मायादेबीं*
*सिद्धार्थयात जन्म बिल*
*व नं मेगु थासय् मखु*
*अति दूर बनय् जुल*
*कोकील भ्कंगलतसें*
*मधुर मे हा:गु इलय्*
*सर्ग: नं चचकना*
*स्वाँवा गा:गु ब्यलय्*
*बिल जन्म मामं वैत*
*मनूयागु जुनि बिल*
*थुगु जुनि दु:ख धैगु*
*लिपा वया: थुइकल*
*न्हयन्हु दयवं वन मां*
*स्वर्गया लँपु स्वया:*
*मांया परम आयु*
*थुलि हे तुं जुया:*
*त्व:ता थकल मामं पुत्र*
*गौतमीया ल्हातय्*
*बिचा: सचा: यानातल*
*लायकू दुने धा:थें*
*लिपा ध्यानं कष्ट जूगु*
*स्वर्गय् वंसां सीकल*
*वहे सीका: नुग: मछिंका:*
*वल मां पुत्र स्वय्त वल*
*मामं वया: विलाप यात*
*पुत्रया व गति खना:*
*बोधि ज्ञानया खँ ल्हासेंलि*
*खुशी जुया: मां स्वर्गय् वन।*



Downloaded from http://www.dhamma.digital

# The Monkey King and the Water Demon-15

## (Attentiveness)



Once upon a time, far away in a deep forest, there was a nation of 80,000 monkeys. They had a king who was unusually large, as big as a fawn. He was not only big in body, he was also 'large in mind'. After all, he was the Bodhisatta - the Enlightenment Being.

One day, he advised his monkey nation by saying, "My subjects, there are poisonous fruits in this deep forest, and ponds possessed by demons. So if you see any unusual fruit or unknown pond, do not eat or drink until you ask me first." Paying close attention to their wise king, all the monkeys agreed to follow his advice.

Later on, they came to an unknown pond. Even though they were all tired out and thirsty from searching for food, no one would drink without first asking the monkey king. So they sat in the trees and on the ground around the pond.

When he arrived, the monkey king asked them, "Did anyone drink the water?" They replied, "No, your majesty, we followed your instructions." He said, "Well done."

Then he walked along the bank, around the pond. He examined the footprints of the animals that had gone into the water, and saw that none came out again! So he realized this pond must be possessed by a water demon. He said to the 80,000 monkeys, "This pond is possessed by a water demon. Do not anybody go into it."

After a little while, the water demon saw that none of the of the monkeys went into the water to drink. So he rose out of the middle of the pond, taking the shape of a frightening monster. He had a big blue belly, a white face with bulging green eyes, and red claws and feet. He said, "Why are you just sitting around? Come into the pond and drink at once!"

The monkey king said to the horrible monster, "Are you the water demon who owns this pond?" "Yes, I am," said he. "Do you eat whoever goes into the water?" asked the king. "Yes, I do," he answered, "including even birds. I eat them all. And when you are forced by your thirst to come into the pond and drink, I will enjoy eating you, the biggest monkey, most of all!" He grinned, and saliva dripped down his hairy chin.

But the monkey king with the well trained mind remained calm. He said, "I will not let you eat me or a single one of my followers. And yet, we will drink all the water we want!" The water demon grunted, "Impossible! How will you do that?" The monkey king replied, "Each one of the 80,000 of us will drink using bamboo shoots as straws. And you will not be able to touch us!"

Ofcourse, anyone who has seen bamboo knows there is a difficulty. Bamboo grows in sections, one after another, with a knot between each one. Any one section is too small, so the demon could grab the monkey, pull him under and gobble him up. But the knots make it impossible to sip through more than one section.

The monkey king was very special, and that is why so many followed him. In the past, he had practiced goodness and trained his mind with such effort and attention, that he had developed very fine qualities of mind. This is why he was said to be 'large in mind', not because he simply had a 'big brain'.

The Enlightenment Being was able to keep these fine qualities in his mind, and produce a very unlikely event - a miracle. First, he took a young bamboo shoot, blew through it to make the knots disappear, and used it to sip water from the pond. Then, amazing as it may sound, he waved his hand and all the bamboo growing around that pond lost their knowts. They became a new kind of bamboo.

Then, all his 80,000 followers picked bamboo shoots and easily drank their fill from the pond. The water demon could not believe his green eyes. Grumbling to himself, he slid back under the surface, leaving only gurgling bubbles behind.

The moral is: "Test the water before jumping in."

*to be continue ...* *(Source: Prince Goodspeaker)*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

## गतिविधि

### विषय- अंगुत्तर निकाय दुक निपात (समापती वर्ग)

*प्रवचक- मदन रत्न मानन्धर*
*प्रस्तुती- सुभद्रा स्थापित*

यसदिन प्रवचक मदनरत्न मानन्धरले अंगुत्तर निकाय दुक निपात अन्तरगत इन्द्रिय संवर नहुनुको वेफाइदा एवं भोजनमा मात्रा मिलाउने ज्ञान नुहुनुको वेफाइदा विषयमा प्रवचन दिनुभएको थियो ।

हाम्रा इन्द्रियहरू आ-आफ्नो स्थानमा रही अधिपती र बलवान् भइरहेका हुन्छन् । स्वर्गको इन्द्र देवलोकको अधिपती भई अधिकार जमाएर बसे जस्तै इन्द्रियहरूले पनि त्यसरी नै अधिकार जमाएर बस्ने हुनाले इन्द्रिय भनिएको हो । तर इन्द्रिय संयम गर्न नसक्ने व्यक्तिहरू मिथ्या दृष्टिको वसमा परी उनीहरू आफ्नै हानी गर्न पुगिरहेका हुन्छन् ।

उदाहरणको लागि ध्यानद्वारा ऋद्धि शक्ति प्राप्त गरिसकेका एक ऋषि दरवारको भोजन निमन्त्रणा स्वीकार गरी आकाश मार्गबाट उडेर गइरहेको थियो । अचानक उसको आँखा निर्वस्त्र रानीमा पऱ्यो । तव इन्द्रिय संवर गर्न नसकी राग चेतना उब्जिन पुग्यो । फलस्वरूप उसको दूषित मनले ऋद्धि शक्ति गुमाउन पुग्यो । त्यसैले निमन्त्रणा गएको वेला उडेर गएको ऋषि फर्किने वेला हिँडेर जानुपऱ्यो ।

यसरी नै भोजनको मात्रा मिलाउन नजानी कतिपय मानिसहरू राग र द्वेषको वसमा पुगी इन्द्रिय संवर गर्न सकिरहेको हुँदैन । बेला र कुबेलाको पनि ख्याल नगरी खान हुने र खान नहुने चीजको पनि मतलब नराखी आफूलाई मन पर्ने खाना लोभ चेतनाको वसमा गई बढि खाइरहेको हुन्छ । आफ्नो शरीरले पचाउन नसकिने चीजहरू पनि स्वादको वसमा गई खाईरहेका र पिइरहेका हुन्छन् । यसरी भोजनको मात्रा मिलाउने ज्ञान नहुनुको कारणले ४ प्रकारले विरामी पर्ने गर्छ ।

तर आफ्नो इन्द्रिय संवर गरी सम्यक दृष्टि भएका व्यक्तिले र भोजनमा मात्रा मिलाई खान पिन गर्ने ज्ञान भएका व्यक्तिले सुख शान्ति पूर्वक जीवन जीउने मानवता प्राप्त गरिरहेको हुन्छ ।

### विषय- अभिधर्म

*प्रवचिका- भिक्षुणी धम्मवती*
*प्रस्तुती- मिनरवती तुलाधर*

यसदिन भिक्षुणी धम्मवतीले अभिधर्म अन्तरगत भूमीकण्डको कम्म चतुक्क विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो–

कामको हिसाबले चार प्रकारका कर्महरू हुने गर्छन्–
(१) जनक कम्म – जन्म दिने कर्म
(२) उपत्थम्भक कम्म – टेवा दिने कर्म
(३) उपपीलक कम्म – पीडा दिने कर्म
(४) उपघातक कम्म – घात गर्ने कर्म

फल दिने हिसाबले चार प्रकारका कर्महरू–
(१) गरू कम्म – गऱ्हौं कर्म
(२) आचिण्ण कम्म – बानी बसिसकेको कर्म
(३) आसन्न कम्म – मरणान्त अवस्थामा गर्ने कर्म
(४) कतत्ता कम्म – फल मात्र दिने कर्म

फल दिने समयको हिसाबले चार प्रकारका कर्म
(१) दिट्ठ धम्म वेदनिय कम्म-प्रथम जवन चित्तले यही जन्ममा फलदिने कर्म ।
(२) उपपज्ज वेदनिय कम्म – सप्तम जवन चित्तले अर्को जन्ममा फल दिने कर्म
(३) अपरापरिय वेदनिय कम्म – विचमा रहेका ५ वटा जवन चित्तले निर्वाण नपुगेसम्म मौका मिलेको अवस्थामा फल दिइरहने कर्म ।
(४) अहोसी कर्म – फल दिन नसक्ने कर्म ।

द्वारको हिसाबले तीनवटा कर्म
(१) काय कम्म – शरीरबाट गरिने कर्म
(२) वची कम्म – वचनबाट गरिने कर्म
(३) मनो कम्म – मनबाट गरिने कर्म

शरीरबाट गर्ने पाप कर्म ३ वटा
(१) पाणातिपाता – प्राणी हिंसा गर्ने
(२) अदिन्नादाना – चोरी गर्ने
(३) कामेशुमिच्छाचारा – व्यभिचार गर्ने



Downloaded from http://www.dhamma.digital

वचनबाट गरिने ४ वटा पापकर्महरू
(१) मुसावादा – असत्य झूठो कुरा गर्ने ।
(२) पिसुनवाचा – चुकली कुरा गर्ने ।
(३) फरूसवाचा – कठोर वचन बोल्ने ।
(४) सम्फप्पलापवाचा – काम नलाग्ने वकवास र अनावश्यक कुरा गर्ने ।
मनबाट गरिने ३ वटा पाप कर्महरू
(१) अभिज्जा – दृढलोभ गर्ने
(२) व्यापाद – अरूलाई विगार्ने इच्छा
(३) मिच्छादिट्ठि – कर्म र कर्मफललाई विश्वास नगर्ने ।
दश पुण्य क्रिया ।
(१) दान – त्याग भावनाले कसैलाई उपकार गर्नु ।
(२) शील – शील, आचरण राम्ररी पालन हुनु ।
(३) भावना – समथ, विपस्सना भावना गर्नु ।
(४) अपचायन – आफूभन्दा ठूलाहरूलाई सम्मान गर्नु
(५) वेय्यावच्च – आफूभन्दा ठूलाहरूलाई सेवा टहल गर्नु ।
(६) पतिदान – आफूलाई प्राप्त भएको पुण्य अरूलाई बाँडिदिनु ।
(७) पत्तानुमोदन – अरूले गरेको पुण्यहरू प्रकट गरी अनुमोदन गर्नु
(८) धम्मस्सवण – धर्मदेशना सुन्नु ।
(९) धम्मदेसना – धर्मउपदेश दिनु ।
(१०) दिट्ठिजुकम्म – सम्यक दृष्टि हुनु ।

## बिषयः कथिन दान

*२०७४ आश्विन ७ गते*
*प्रबक्ता- श्रद्धेय पञ्ञासार भन्ते*
*प्रस्तुति- सुमित्रा तुलाधर*

यस दिन श्रद्धेय पञ्ञासार भन्तेले कथिन दान विषयमा प्रवचन दिनु हुन्दै भन्नुभयो ।

बुद्धकालिन समय देखि चल्दै आइरहेको कथिन दानको अर्थ काम गर्न गाऱ्हो होइन । पृथ्वी समान शक्तिशाली बिशाल जस्तै सुमेरू पर्वतलाई कसैले छुन नसक्ने जति हावा, हुरी बतास पानी आए पनि अलिकति पनि हल्लाउन नस्कने हुन्छ। बज्र हिरालाई जति फुटाउन कोशिस गरे पनि फुटाउन नसक्ने हुन्छ त्यसरी नै कथिन दान पनि दरिलो, कडा, अमूल्य रहेको हुन्छ भन्न खोजिएको हो ।

महत्व र विशेष :

३ (तिन) महिना बर्षावास बस्नु भै सकेका उपसम्पदा भइ सकेका भिक्षुहरूले कथिन दान प्राप्त गर्ने योग्य हुन्छ । कथिन दान कुनै बिशेष ब्यक्ति भिक्षुलाई लक्षित गरि दिने होइन । तर ६(६) जना भन्दा बढि जति सुकै भिक्षुहरूको समूह, संघलाई निमन्त्रणा गरि संघ, समूहको जेष्ठ भिक्षुलाई कथिन दान दिने हो । यसरी प्राप्त गरेको कथिन दान फेरि भिक्षु संघबाट सीमा गृहमा गई छलफल गरि सकेपछि जस्लाई चीवर आवश्यक पर्छ, ती भिक्षुलाई दिने गरिन्छ । यदि कसैलाई पनि चीवर आवश्यक नपरेमा जेष्ठ भिक्षुलाई नै उक्त चीवर राख्ने गरिन्छ । पछि कसैलाई आवश्यक परेको खण्डमा दिन सकिन्छ ।

धार्मिक शास्त्र अनुसार तिन महिना निरन्तर बुद्ध पूजा परित्राण पाठ, महापरित्राण पाठ, नियमित गर्नु पर्ने हुन्छ । धर्म देशना बिशेष गरि गुलां पर्वमा धर्म देशना छलफल बिशेष प्रकारबाट हुने हुन्छ । कुनै कुनै ठाउँमा ध्यान शिविर साप्ताहिक अभिधर्म पाठ हुन्छ । एक महिनामा कुनै एउटा श्लोक सूत्र कण्ठ गर्छु भनि अधिष्ठान गरेको हुन्छ । यस्तै उपासक उपासिकाहरूले पनि एक महिना विहारमा गई बुद्ध पूजामा बस्छु ध्यान गर्छु आदि आदि भनि अधिष्ठान गरेको हुन्छ । यी सबैको महत्त्व दान, शील भावना नै हो ।

## विषय– अंगुत्तर निकाय दुक निपात समापत्ति वर्ग

*२०७४ आश्विन २१ गते*
*प्रवचक- मदन रत्न मानन्धर, प्रस्तुती- शान्ति शाक्य*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारीय कक्षा संचालन हुने क्रममा उक्त दिन प्रवचक मदन रत्न मानन्धर ज्यू बाट अंगुत्तर निकाय दुक निपात अन्तर्गत समापत्ति वर्गको विषयमा प्रवचन दिनु हुँदै भन्नुभयो–
दुईवटा धर्मको वारेमा बुद्धले वताउनु भएको छ ।
*सुत्र नं. १७१ बिचार वल र भावना वल*

विचार वल (Strenght of Thought) – बिचार भनेको चिन्तन मनन वा Thought र वल भनेका शक्ति सामर्थ्य वा Strenght हो । विचार पनि २ किसिमको हुन्छ– सकारात्मक र नकारात्मक । यी दुबै विचारबाट वल प्राप्त हुन्छ । जव नकारात्मक विचार आउँछ तव



Downloaded from http://www.dhamma.digital

त्यसले शक्तिलाई वलियो पार्दछ र काम गर्न थाल्दछ त्यो काम नराम्रो हुन्छ । त्यसकारण त्यो विचार नकारात्मक वलमा परिणत भयो । यसरी मनलाई ठेलेर ल्याउने पनि एक वल हो । त्यस्तै सकारात्मक विचारमा पनि त्यहि लागु हुन्छ । यसलाई भगवान बुद्धले धार्मिक शब्द प्रयोग गर्नु भएको छ– योनिसोमनसिकार र अयोनिसो मनसिकार ।

आफूलाई सुखदायी र आनन्द जीवन जिउन योनिसोमनसिकार (सकारात्मक) सोच हुनुपर्छ भन्ने थाहा भए पनि सवै जसो प्राणीहरू अयोनिसोमनसिकार (नकारात्मक) सोचमा नै बढी गइरहेको हुन्छ । जसबाट जीवन दुखदायी र कष्टकरमा जिउनु पर्ने हुन्छ । त्यस कारण बुद्धले भन्नु हुन्छ योनिसोमनसिकारको अभ्यास हरवखत गर्नु पर्छ  जसबाट जीवन कल्याणकारी हुन्छ । यस्तो अभ्यासलाई निरन्तरता दिनको लागि बुद्धले विभिन्न उपाय दिनु भएको छ । जसमध्ये सवभन्दा उच्चत्तम उपाय भनेको सतिपट्ठान (स्मृति प्रस्थान भावना) हो । सतिपट्ठानले प्रत्येक क्षण होश राखेर जहाँको त्यहिँ जे भैरहेछ त्यसैलाई होश पुऱ्याएर सम्झिँदै जाने गर्छ । तर यसरी होश रहँदा । रहँदै पनि हाम्रो मन नकारात्मक तिर जान सक्छ त्यसलाई होश पुऱ्याएर सकारात्मक तिर लान सक्नु पर्छ । मृत्युको अन्तिम क्षणमा सकारात्मक सोच हुँदै मृत्यु भए उसको अर्को जन्मको गति पनि राम्रो हुन्छ । त्यसकाराण बिचार वल सकारात्मक हुनु महत्वपूर्ण छ ।

भावना वल (Cultivation of Mind) – ध्यानले चित्त एकाग्रगर्न सिकाउँछ । भावनाले ध्यानलाई जहाँ लानु पर्ने हो त्यहाँ लग्ने काम गर्छ । भावनाको लागि चित्त एकाग्रको आवश्यक छ । एकाग्रता चित्तलाई योनिसोमनसिकारमा लग्ने जुन अभ्यास हो त्यसलाई भावना भनिन्छ । त्यसकारण भावना पनि एक वल हो । यसले जीवन सफल तिर लान मद्दत गर्छ ।

*सुत्र नं. १७२. स्मृति वल र समाधी वल–*

स्मृति भन्नाले होश, जागरूकता, सजगता, वा सक्रियता भन्ने जनाउँछ ।  समाधी भन्नाले चित्तको एकाग्रता वा Concentration भन्ने जनाउँछ । जागरूकता र एकाग्रता यो दुईटा पनि एक वल हो । यसले आफ्नो गन्तव्य तिर लान घच्घचाउँछ र टेवा दिइरहेको हुन्छ ।

*सुत्र नं. १७३. समथ र विपस्यना–*

समथ भनेको चित्तलाई शान्त गर्नु, शमन गर्नु हो दमन होइन । समाधीबाट एकाग्र भएको चित्तलाई हामीले प्रयोग गर्ने हो । जस्तैः रीश उठ्यो भने त्यहि रीशलाई हेरिरहयो भने रीश विस्तारै शान्त भएर जान्छ । यसरी एकाग्र चित्तलाई काममा लगाउने भएकोले समथलाई भावना भनिएको हो ।

विपश्यना भन्नाले विशेष प्रकारले हेर्नु वा होश पुऱ्याएर हेर्नु हो । विपश्यनाले विशेष रूपमा होश राखेर हेर्ने, सुन्ने, गन्ध, स्वाद र स्पर्श गर्ने गर्दछ । प्रत्येक क्षणमा सकारात्मक र नकारात्मक विचारलाई नियालेर हेर्ने गरिन्छ । यसरी विशेष प्रकारले हेर्ने अवस्थामा पनि मनलाई राम्रो ठाउँमा लगाउने अभ्यास भएकोले यसलाई विपश्यना भावना भनिएको हो ।

समथ र विपश्यनाको गन्तव्य फरक छ । समथले ब्रह्मलोकसम्म पुऱ्याउँछ तर विपश्यनाले निर्वाण सम्म पुऱ्याउँछ ।

## पुनः निर्मित धर्मकीर्ति विहारको जन्मोत्त्सव

*२०७४ मंसिर २ गते, शनिबार*

*स्थान- धर्मकीर्ति विहार, धम्महल ।*

धर्मकीर्ति विहार भवन पुनः निर्माण गरिएको १५ वर्ष भयो । पुनः निर्मित यस भवनको जन्मोत्सव निरन्तर हरेक वर्ष मनाइँदै आइरहेको स्मरणिय रहेको छ । यसपालि पनि धर्मकीर्ति संरक्षण कोषका उपाध्यक्ष, (पुनः निर्मित धर्मकीर्ति विहार भवनका दाता) द्रव्यमानसिंह तुलाधर एवम् उहाँकी धर्मपत्नी बसुन्धरा तुलाधर प्रमुख सपरिवार को आयोजनामा १५ वर्षिय जन्मोत्सव मनाइयो ।

कार्यक्रमको प्रारम्भमा विहान औंशी पर्वको उपलक्ष्यमा सञ्चालित बुद्धपूजा कार्यक्रममा सहभागी सबै उपासकोपासिकाहरूलाई दाता परिवारबाट जलपान दान गरिएको थियो ।

सोपश्चात् कार्यक्रममा भिक्षु राहुलले पञ्चशील प्रार्थना गराउनु भई धर्मदेशना गर्नुभएको थियो ।
भिक्षु भिक्षुणी संघबाट सामूहिक परित्राण पाठ गरिएपछि दाता परिवारबाट दान प्रदान गरी पुण्यानुमोदन गरिएको थियो ।

त्यसपछि कार्यक्रममा सहभागी सम्पूर्ण भिक्षु भिक्षुणीहरूलाई भोजन दान गरिएको थियो ।




Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति संरक्षण कोषको १४ औं वार्षिक साधारण सभा सम्पन्न






*भिक्षु अश्वघोष, आशिर्वाद मन्तव्य दिनुहुँदै*



*भिक्षुणी धम्मवती सभावती मन्तव्य दिनुहुँदै*

*२०७४ मंसिर २ गते, शनिबार*
*स्थान- धर्मकीर्ति विहार, धम्महल*

यसदिन धर्मकीर्ति विहार संरक्षण कोषको १४ औं वार्षिक साधारण सभा सम्पन्न गरिएको छ । कोषका अध्यक्ष भिक्षुणी धम्मवतीको सभापतित्त्वमा कोषाध्यक्ष अरूण सिद्धि तुलाधरले सञ्चलान गर्नुभएको उक्त कार्यक्रममा धम्मानुशासक संघनायक भिक्षु अश्वघोष महास्थविरले पञ्चशील प्रार्थना गराउनु भएको थियो । उपाध्यक्ष द्रव्यमान सिंह तुलाधरले स्वागत मन्तव्य व्यक्त गर्नुभएपछि भिक्षुणी धम्मवतीले कार्यक्रम उद्घाटन गर्नुभएको थियो ।

सो पश्चात् सचिव प्रफुल्ल कमल ताम्राकारले साधारण सभाको एजेन्डा र ध.सं. कोषको वार्षिक प्रगति प्रतिवेदन (२०७३।७४) प्रस्तुत गर्नुभएको थियो भने कोषाध्यक्ष अजय रत्न स्थापितले वार्षिक आयव्यय विवरण प्रस्तुत गर्नुभएको थियो ।

सो पश्चात् धर्मकीर्ति विहारकमा सम्वन्धन प्राप्त विहारहरू र यस विहारका इकाईहरूले आ.व. २०७३/७४ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएका थिए । यसको संक्षिप्त विवरण यसरी रहेको छ ।

| क्र.सं | सम्बन्धन प्राप्त विहारहरू/इकाईहरू | प्रगति प्रतिवेदन प्रस्तुत गर्नुहुने महानुभावहरू |
|---|---|---|
| १. | पद्मकीर्ति विहार, कमलपोखरी | ध्यानवती गुरूमां |
| २. | निर्वाण मूर्ति किम्डोल विहार, स्वयम्भू | अमृतमान ताम्राकार |
| ३. | धर्मकीर्ति बसुन्धरा विहार, बसुन्धरा | अरूण सिद्धि तुलाधर |



Downloaded from http://www.dhamma.digital

| | धर्मकीर्ति संरक्षण कोषका इकाईहरू | |
|---|---|---|
| ४. | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी | लोचन तारा तुलाधर(इकाईको सचिव) |
| ५. | धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन | प्रेमलक्ष्मी तुलाधर (इकाईको सचिव) |
| ६. | धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनको आयव्यय विवरण | बुद्ध रत्न कसा (इकाईको कोषाध्यक्ष) |
| ७. | धर्मकीर्ति स्वास्थ्य कमिटी | रोशन काजी तुलाधर (इकाईको संयोजक) |
| ८. | धर्मकीर्ति पत्रिका | ध्रुब स्थापित (इकाईको व्यवस्थापक) |
| ९. | बुद्धपूजा कमिटी | इन्द्रकुमार नकर्मी |

वार्षिक प्रगति प्रतिवेदन प्रस्तुती पश्चात् कोषका लेखापरिक्षक श्यामलाल चित्रकार पुनः सोही पदमा नियुक्ती गर्ने प्रस्तावलाई सर्व सम्मतिबाट स्वीकृति प्रदान गरिएको थियो ।

यसको साथै धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरू अमीता तुलाधर बनिया र उर्मीला ताम्राकार लाई बुद्ध धर्म सम्बन्धी गहन विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको कारणले कदर गरी भिक्षुणी धम्मवतीले उहाँहरूलाई धर्मकीर्ति लोगो एवं खादा प्रदान गरी सम्मान गरिएको थियो ।

कार्यक्रमको अन्त्यमा कोषका सह-सचिव श्रीमती रमा शोभा कंसाकारले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

कार्यक्रममा भिक्षु अश्वघोषले आशिर्वाद मन्तव्य व्यक्त गर्नुभएको थियो भने भिक्षुणी धम्मवतीले सभापतिको आसनबाट आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै भगवान् बुद्धले बुद्धशासन रूपी रथका ४ पांग्राहरू भिक्षु भिक्षुणी उपासक र उपासिकाहरू गतिलो हुनुपर्नेमा जोड दिनुभएको थियो ।

अन्त्यमा पुण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो ।

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया गतिविधि

(१) **ने.सं. ११३७ कौलाथ्व द्वादशी–**

रत्नकीर्ति विहार हात्तिबनया नकिं जयवती गुरूमांया प्रव्रज्या दिंया लसताय् वसपोलया ब्वनाय् धर्मकीर्ति ज्ञानमाला भजन पुचः पाखें भजन न्हयब्वःगु बुखँ दु। प्राप्त बुखँ कथं भजन खलःया उपाध्यक्ष श्याममान वज्राचार्य गुरूमांप्रति कृतज्ञता देछासे खाडा अर्पण यानाःदीगु खः। भजन खःलया दुजः बुद्ध रत्न महर्जन पाखें विहार निमार्णया लागि रू १,०६,०००।– (रू एकलाख ६ हजार) दां गुहाली स्वरूप जयवती गुरूमांयात लःल्हानादीगु खः। वसपोलपाखें भजनयात रू २०००।– दां चन्दा बिया बिज्याःगु खः। थुगु ज्याभ्वले सहभागी ज्वीत भजन कोषं रू ३५००।– दांया व्यवस्था जूगु खः।

(२) **ने.सं. ११३७ कौलागाः त्रयोदशी–**

वि.सं. २०७४ आश्विन ३१ गते, बुद्ध विहार भृकुटीमण्डपस धर्मकीर्ति ज्ञानमाला भजनया दुजः चिनीमाया वज्राचार्य पाखें श्रद्धेय कोण्डञ्ञ भन्ते प्रमुख मेपिं भन्तेपिनि पाखें परित्राण पाठ जूगु ज्याभ्वले धर्मकीर्ति ज्ञानमाला भजन खलः पाखें भजन न्ह्यब्वःगु खः ।

भजन खलःया उपाध्यक्ष श्याममान वज्राचार्य पाखें उपासिकायात लुमन्ति चिं कथं चैत्य लःल्हानादिल । उपासिकापाखें भजनयात चन्दा सहयोग स्वरूप रू. ५०००।– चन्दा लःल्हानादिल। मोटर भाडा नं भजनया कोषं रूः ५५०।– व्यहोरे यागु खँ प्राप्त बुखँय् उल्लेख जुयाच्वंगु दु ।

(३) **ने.सं. ११३८ मुखः अष्टमी** (२०७४ **कार्तिक** ११)–

मैत्री बोधिसत्त्व विहार जमलय् श्रद्धेय खेमावती गुरूमां पाखें बुद्ध पूजा व धर्मदेशना ज्याभ्वः न्ह्याकाबिज्याःगु खः । थुखुन्हु धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः पाखें ज्ञानमाला भजन प्रस्तुत जूगु खः । ज्याभ्वले दाता केशरी लक्ष्मी, पद्मज्योती व रूपज्योती कसाः सपरिवार पाखें जलपान या प्रायोजन यानादीगु खँ बुखँय् उल्लेख जुयाच्वंगु दु ।



Downloaded from http://www.dhamma.digital

# २०७४ मंसीर २ गतेका दिन ध.की.सं कोषको १४ औं वार्षिक साधारण सभामा प्रस्तुत गरिएका वार्षिक प्रतिवेदनहरू

## (१) पद्मकिर्ति विहारको बार्षिक प्रगति प्रतिवेदन – २०७३

- २०७३ साल कमला गुरूमाँको सु–स्वास्थ्य कामनागरि साप्ताहिक पट्ठान पाठ एवं धर्म देशना र दान प्रदानको कार्यक्रम गरिएको थियो ।
- गतवर्ष यस विहारका संस्थापिका श्रद्धेय कमला गुरूमाँ पटक पटक अस्वस्थ्य भई मृगौला रोगले च्यापेर अस्पताल भर्ना गरिएको थियो । (६ महिनामा ८ पटक)
- विहारको नियमित मासिक भोजन दान (महिनाको हरेक पहिलो शनिवार) बुद्ध पूजा, धर्मदेशना, ज्ञानमाला भजन आदि कार्यक्रमहरू निरन्तर संचालन भई रहेको ।
- २०७३ पौष महिना २६ गते श्रद्धेय कमला गुरूमाँ देहावसान हुनुभयो । वहाँको निधन पश्चात् अन्तर्राष्ट्रिय भिक्षुणी संघको निर्देशनमा योगाम्वर गुठीको सहयोगमा कर्ण द्वीप मसान घाटमा दाहासंस्कार गरियो ।
- श्रद्धेय कमला गुरूमांको पुण्य स्मृतिमा श्रद्धाञ्जली सभा साप्ताहिक पूजा पाठ नियमित मासिक भोजन दान, वर्षभरी गराउँदै आएको ।
- श्रद्धेय धम्मवती गुरूमांको निर्देशनमा ३,४ पटक ऋषिणी प्रव्रज्या कार्यक्रम सम्पन्न गरियो ।
- वैशाख १ गते २०७४ साल नव वर्षमा युवा अनागारिका संघको बार्षिक भेला यस पद्मकीर्ति विहारमा सम्पन्न गरियो ।
- २०७४ असोज ७ गते श्रद्धेय धम्मवती गुरूमाँको उपाध्यायत्त्वमा २ जना कुल पुत्रीहरू रोजिना आचाजु, भक्तपुर तथा सलिना श्रेष्ठ काभ्रेलाई ऋषिणी तामिम दिइ गुरूमाँ प्रव्रज्या गरियो । यी दुई जनालाई धम्मवती गुरूमांबाट कुशलवती र कुसुमवतीको नामले नामाकरण गरियो ।
- पद्मकीर्ति विहारको आयोजनामा मधुमेह, मिर्गौला, थाइराइड रोग सम्बन्धि १ दिने स्वास्थ्य जाँच गरिएको थियो मिति २०७४ जेष्ठ २६ गते शनिवार संचालित उक्त स्वास्थ्य परिक्षण कार्यक्रममा लगभग १५० जना लाभान्वित भएका थिए ।
- वैशाख पुर्णिमाको दिन प्रत्येक वर्ष झै क्षीर भोजन दान गरियो । यसको साथै यस दिन प्रवचन र बौद्ध प्रश्न उत्तर कार्यक्रम सञ्चालन गरी विजयी सहभागीहरूलाई पुरस्कार वितरण गरियो ।
- वैशाख पूर्णिमाको उपलक्षमा विहार संरक्षण एवं संवर्द्धनको लागि भिक्षाटन कार्यक्रम सम्पन्न गरियो ।
- यस वर्षको बर्षावासको उपलक्ष्यमा प्रत्येक हप्ताको शनिवार परित्राण पाठ गरी धर्म देशना कार्यक्रमको पनि आयोजना गरियो ।
- दैनिक नियमित बुद्ध पूजा, सामुहिक परित्राण पाठ एवम् ध्यान भावनाको कार्यक्रमको पनि आयोजना भइरहेको थियो ।

## (२) धर्मकीर्ति बौद्ध लय् पौया वार्षिक प्रगति प्रतिवेदन

आः तकया दुने बिशेष सदस्य ८७२ म्ह थ्यंगु दु । थुगु पत्रिकाया थुगु प्रतिबेदनय् दुथ्यागु २०७३ साल (वर्ष ३४ अङ्क १ निसें १२ तकया) वार्षिक दुजः अथेहे १२०० म्ह जुयाः धर्मकीर्ति पत्रिकायात ग्वाहालि याना दीगु दु । लय् पतिकं पिहाँ वयाच्वंगु धर्मकीर्ति पत्रिकाया दुजःपिन्त बिहारय् पुन्हि बलय् काः वईगु व हुलाकँ छ्वयाः इनेगु ज्या नियमित रूपं इलय् हे जुयाच्वंगु दु ।

वंगु दँ दछीया दुने झी उपासक उपासिकापिनि थः थितिपिं दिवंगत जूगुया समवेदना छापेयानागु व थीथी ज्याकुथिया बिज्ञापन छापेयानागु अले दान व चन्दा न्हापा न्हापासिबें उल्लेखनिय कथं अप्वः प्राप्त जूगु दु । थुगु पत्रिकाया प्रधान सम्पादक एवम् संघनायक श्रद्धेय भिक्षु अश्वघोष महास्थविरया थः अबुजु चन्द्रज्योति शाक्य व मां लक्ष्मीमाया शाक्यया पुण्य स्मृतिसं झिद्वः निक यानाः रू. २०,०००।– अले धर्मकीर्ति पत्रिका धिसिलाकेगु तातुना रू. ५,०००।– याना जम्मा रू. २५,०००।– व थुगु पत्रिकाया प्रकाशक तथा विशेष सल्लाहकार श्रद्धेय धम्मवती गुरूमांया बर्मी गुरू पूज्य सयादो ऊ. धम्माबुद्ध भन्तेया पुण्यस्मृतिसं रू. १,००,०००।– दान बिया बिज्याःगु दु । अथेहे दिवंगत बुद्ध कुमार मानन्धरया पुण्य



Downloaded from http://www.dhamma.digital

स्मृतिसं छेँजपिन्सं रू. १,०००।–, दाता बिकाश शाक्यपाखें रू. ५००।– व उपासिका सोनी स्थापितपाखें रू. ५००।– तका धर्मकीर्ति पत्रिका धिसिलाकेगु तातुनाः चन्दा बियादीगु दु । मेमेपिं उपासक उपासिकापाखें नं अप्रत्यक्ष रूपं ग्वाहालि याना दीगु दु । वसपोलपिनिगु तिबः प्रति कृतज्ञता देछासे भि उसाँय् व ताः आयुया कामना याना । लुमंकेबहः जू वंगु दँय् पत्रिकाय् पिदंगु समवेदना व बिज्ञापनया आम्दानीया कारणं भ्रीगु कोष ञ्चापं च्वने म्वागु खः । थुकथं वंगु दँ २०७३ सालय् दुत वःगु व पित वंगुया ल्याचाः धकाः मुक्कं रू. १,२४, ७९७५९ तका दां ल्यंगु जुल ।

## विषय- यमकवग्गो

*२०७४ कार्तिक २५ गते, शनिवार*

*प्रवक्ता- देवकाजी शाक्य, प्रस्तुती- राज भाइ तुलाधर*

**इध सोचति पेच्च सोचति, पापकारी उभयत्थ सोचति ।**
**सो सोचति सो विहञ्ञति, दिस्वा कम्मकिलिट्ठमत्तनो ॥**

पाप गर्ने व्यक्तिले यो लोकमा पनि शोक गर्छ, परलोकमा पनि शोक गर्छ । आफुले गरेको क्लेषयुक्त कामलाई देखेर दुबै लोकमा उ शोकग्रस्त हुन्छ, छट्पटाउँछ ।

भगवान बुद्धले माथिको गाथा वेलुवन विहारको नजिकै वस्ने चुन्द सुकरिकको सन्दर्भमा भन्नु भएको थियो । चुन्द सुकरिकले आफ्नो जीवनभर सुंगुरहरूलाई अति कष्ट दिएर मारेर मासु बेच्ने काम गर्दथ्यो । पछि मर्ने वेलामा उसले धेरै कष्ट भोग्नु पऱ्यो र मरेपछि अवीचि नर्कमा उत्पन्न भयो ।

**इध मोदति पेच्च मोदति, कतपुञ्ञो उभयत्थ मोदति ।**
**सो मोदति सो पमोदति, दिस्वा कम्मविसुद्धि मत्तनो ॥**

पुण्य गर्ने व्यक्ति यो लोकमा पनि खुशी हुन्छ । परलोकमा पनि खुशी हुन्छ । आफुले गरेको विशुद्ध कामलाई देखेर दुबै लोकमा उ खुशी हुन्छ, प्रफुल्ल हुन्छ ।

भगवानले यो गाथा धम्मिक उपासकको सन्दर्भमा भन्नु भएको थियो । धम्मिक उपासकले जीवनभर धेरै दान आदि पुण्य कर्म गरेको थियो । उसको सन्तानहरू पनि सबै धर्मवान् थिए । उसले यो जीवन सुखपूर्वक वितायो । मृत्युपछि तुषित देवलोकमा जन्म भएर अभ्र बढी सुख प्राप्त गऱ्यो । आफ्नो पुण्य कर्मको कारणले दुबै लोकमा उसले सुख प्राप्त गऱ्यो ।

**इध तप्पति पेच्च पप्पति, पापकारी उभयत्थ तप्पति ।**
**पापं मे कतन्ति तप्पति, भिय्यो तप्पति दुग्गतिं गतो ॥**

पाप गर्ने व्यक्ति यो लोकमा पनि संतापित हुन्छ, परलोकमा पनि संतापित हुन्छ । आफुले गरेको पापलाई संम्भेर उसलाई संधै संताप हुन्छ, अनि दुर्गतिमा पतन भए पछि अभ्र बढी संताप हुन्छ ।

भगवान्ले यो गाथा देवदत्तको सन्दर्भमा भन्नु भएको थियो । देवदत्तले पटक पटक बुद्धलाई मार्ने प्रयास गरेको थियो । पछि संघभेद समेत गरेको थियो । बुद्ध प्रति आफुले गरेको घातको कारण उसलाई मनमा कहिल्यै शान्ति भएन । जीवनको अन्तिम समयमा बुद्धसंग क्षमा माग्छु भनेर गए पनि बुद्ध कहां पुग्न नपाउँदै धेरै महापापहरू गरेको कारण जमिन फाटेर सिधै अवीचि नर्कमा पतन भयो ।

**इध नन्दति पेच्च नन्दति, कतपुञ्ञो उभयत्थ नन्दति ।**
**पुञ्ञं मे कतन्ति नन्दति, भिय्यो नन्दति सुग्गतिं गतो ॥**

पुण्य गर्ने व्यक्ति यो लोकमा पनि परलोकमा पनि संधै आनन्दित भएर रहन्छ । आफुले गरेको पुण्यकर्मलाई संभ्रेर उसको मनमा संधै आनन्द हुन्छ र यस जन्मपछि सुगतिमा गएर भ्रन बढी आनन्द प्राप्त गर्छ ।

भगवान्ले यो गाथा अनाथपिण्डिक महाजनकी कान्छी छोरी सुमनादेवीको सन्दर्भमा भन्नु भएको थियो । सुमनादेवीले आफ्नो बुबाले भिक्षुसंघलाई गर्ने भोजन दानको प्रवन्ध गर्ने गर्दथिन् । भगवान्को धर्मोपदेश सुन्ने गर्दा छिट्टै नै तिनीले सकृदागामी मार्गफल प्राप्त गरिन् । सुमनादेवी धेरै लामो समयसम्म बाँचिनन् । अन्तिम क्षणतिर तिनीले आफ्नो बुबालाई भाइ भनेर सम्बोधन गरिन् । यसले गर्दा अनाथपिण्डिकको मनमा आफ्नी छोरीले स्मृति गुमाएको जस्तो लाग्यो र चिन्ता भयो कि तिनीले सुगति प्राप्त गर्न सकेन । यो कुरा उसले भगवानलाई भन्यो । भगवान्ले सुमनादेवीले ठीकै भनिन् भन्नु भयो । किनभने अनाथपिण्डिक श्रोतापन्न मात्रै भएको थियो जब कि सुमनादेवी सकृदागामी भइसकेकी थिइन् । सकृदागामी स्रोतापन्न भन्दा पनि निर्वाण पुग्ने माथिल्लो तहको खुड्किलो हो । त्यसैले माथिल्लो तहमा पुगेकी सुमनादेवीले स्रोतापन्न तहमा पुगेमा आफ्ना बुबालाई भाईको रूपमा सम्बोधन गरेकी हुन् ।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध मासिक पत्रिका

## नाफा नोक्सान हिसाब

२०७३ बैशाख देखि चैत्र मसान्त सम्म

| क्र.सं | खर्च | रकम | क्र.सं | आम्दानी | रकम |
|---|---|---|---|---|---|
| १ | कागज खर्च | १०२,१७४.२२ | १ | ग्राहक शुल्क | १२३,००५.०० |
| २ | छपाई खर्च | १२१,६००.०० | २ | विज्ञापन आम्दानी | ७१,१७३.०० |
| ३ | मशलन्द खर्च | ४,३१०.०० | ३ | ब्याज प्राप्त | ३८,६४३.८१ |
| ४ | हुलाक खर्च | ९,६७०.०० | ४ | दान वा चन्दा | १४१,५००.०० |
| ५ | ढुवानी खर्च | २,७००.०० | ५ | पत्रिका विक्री | |
| ६ | कार्यालय खर्च | ६,२००.०० | ६ | नपुग रकम पूँजीमा घटाएको | |
| ७ | फुटकर खरिद | २,०२०.०० | | | |
| ८ | विशेष सदस्य फ्रेम | ८५०.०० | | | |
| ९ | बाँकी रकम पूँजीमा सारिएको | १२४,७९७.५९ | | | |
| | **जम्मा** | ३७४,३२१.८१ | | **जम्मा** | ३७४,३२१.८१ |

# धर्मकीर्ति बौद्ध मासिक पत्रिका

## वासलात

२०७३ चैत्र मसान्त सम्म

| क्र.सं | पूँजी तथा दायित्व | रकम | क्र.सं | सम्पत्ती | रकम |
|---|---|---|---|---|---|
| १ | पूँजी | १,०४९,७१९.२९ | १ | नेपाल बैक लि.,कान्तिपथ | १६५,५५२.६३ |
| २ | विशेष सदस्य | ३०,१४०.०० | २ | नेपाल बैक लि., क्षेत्रपाटी | १४,५७६.२५ |
| ३ | बाँकी रकम पूँजीमा सारिएको | १२४,७८७.५९ | ३ | शुभगणपति सहकारी | २१९,९०७.४७ |
| | | | ४ | मुद्दती खाता | ७२०,०००.०० |
| | | | ५ | सि.एम.वि.फाइनान्स | ७२०,०००.०० |
| | | | ६ | कागज मौज्दात | १२,१९८.३१ |
| | | | ७ | सानो नगदीकोष | |
| | | | ८ | धरौटी (पो.ब.नं.) | १,५००.०० |
| | **जम्मा** | १,२०४,६५६.८८ | | **जम्मा** | १,२०४,६५६.८८ |

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ पटाचारा भिक्षुणी बुद्धकालमा विनय पालन गर्नमा प्रसिद्ध थिइन् ।


*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

धर्म प्रचार — समाचार

# दिनभर मैत्री सूत्र पाठ सम्पन्न



*२०७४ मंसीर १ गते, शुक्रबार*
*स्थान- किण्डोल विहार स्वयम्भू*

यसदिन निर्वाण मूर्ति किण्डोल विहारमा भिक्षुणी धम्मवती गुरूमां लगायत अन्य भिक्षुणी गुरूमांहरूको तर्फबाट दिनभर मैत्री सूत्र पाठ गरी दिवंगत भएका प्राणीहरूको सुख शान्ति एवं निर्वाण कामना गरी पुण्यानुमोदन गरिएको थियो । मैत्रीसूत्र पाठ समापन पश्चात् अनुपमा गुरूमांले धर्मदेशना गर्नुभएको थियो ।

कार्यक्रममा उपासकोपासिकाहरूबाट मैत्री सूत्र पाठ गर्नुहुने सम्पूर्ण भिक्षुणी गुरूमांहरूलाई दान प्रदान गरी पुण्य सञ्चय गर्नुभएका थिए ।

# बुद्धमूर्ति लः ल्हात

इलाम जिल्लाया सुर्योदय नगरपालिका साभल्बुङ ५ य् च्वंगु थेगगेन छयोइलिङ गुम्बाय् स्थापना यायत ४/१/४ फीटया लुं सियातःगु ढलौटया बुद्धमूर्ति समाजसेवी मोतिलाल शिल्पकार सपरिवार पाखे लः ल्हाःगु बुखँ प्राप्त जूगु दु ।

थुगु ज्याभ्वले दाता शिल्पकारजुं प्रकाशन यानादीगु परियत्ति शिक्षाया सफू नं लःल्हाय्गु ज्या जूगु खः । ज्याभ्वले पञ्ञासार भन्ते पाखें पञ्चशील प्रार्थना याकाबिज्याःगु खः ।





Downloaded from http://www.dhamma.digital

"बुद्ध भनेको शरीर होइन, विचार हो"

# ऋषिणी प्रव्रज्या कार्य सम्पन्न

नगेदश बौद्ध समूहको आयोजनामा यही २०७४ कार्तिक २५ गते सम्पन्न भएको एकदिने "पवित्र महापरित्राण पाठ सन्दर्भमा एक हप्ते ऋषिणी प्रव्रज्या कार्यक्रमको शुभारम्भ श्रद्धेय केशावती गुरूमांको अगुवाईमा कार्तिक २० गते प्रारम्भ भएको थियो । सो कार्यक्रममा ३६ जना उपासिकाहरू ऋषिणी प्रव्रज्या हुनुभएका थिए । उक्त एकहप्ता कार्यक्रममा हरेक दिन श्रद्धेय भन्ते गुरूमांहरूबाट धर्मोपदेश गर्नु भएका थिए । दैनिक कार्यतालिका बनाई विहान ६-७ बजे सम्म ध्यान त्यसपछि बुद्धपूजा, धर्मोपदेश ध्यान, चंक्रमण, सरसफाई जस्ता क्रियाकलाप संचालन गरिएका थिए ।

ऋषिणी प्रव्रज्या हुने उपासिकाहरू निम्न प्रकारका छन् ।

| क.स | प्रव्रजित नाम | गृहस्थ नाम |
|---|---|---|
| १. | ऋषिणी दानवती | असलमाया प्रजापति |
| २. | ऋषिणी शीलवती | हरी देवि घजु |
| ३. | ऋषिणी नेक्खमीवती | गणेश माया तको |
| ४. | ऋषिणी प्रज्ञावती | रामकेशरी ध्याको |
| ५. | ऋषिणी वीर्यवती | गुण लक्ष्मी बाडे |
| ६. | ऋषिणी क्षान्तिवती | तुल्सीमाया बाडे |
| ७. | ऋषिणी सत्यवती | तुल्सीमाया प्रजापति |
| ८. | ऋषिणी अधिष्ठानवती | पुतलीमाया बाडे |
| ९. | ऋषिणी मैत्रीवती | अष्ट माया कवाडी |
| १०. | ऋषिणी उपेक्खावती | सबिना नापित |
| ११. | ऋषिणी श्रद्धावती | सरस्ता तको |
| १२. | ऋषिणी मुदितावती | हेल देवि भतां |
| १३. | ऋषिणी स्मृतिवती | कसंनानी बाडे |
| १४. | ऋषिणी रूपवती | कोषिला कोजु |
| १५. | ऋषिणी कुसलवती | सन्त माया बाडे. |
| १६. | ऋषिणी समाधिवती | रमा राजबाहक |
| १७. | ऋषिणी सुप्रियावती | विन्दू मल्ल |
| १८. | ऋषिणी सारवती | देव कुमारी चापागाई |
| १९. | ऋषिणी प्रश्रब्धिवती | चन्द देवि चित्रकार |
| २०. | ऋषिणी इन्द्रियवती | बिमला श्रेष्ठ |
| २१. | ऋषिणी ध्यानवती | रिता श्रेष्ठ |
| २२. | ऋषिणी सुभद्रावती | गणेश देवि थापा |
| २३. | ऋषिणी हिरीवती | जगत लक्ष्मी बैद्य |
| २४. | ऋषिणी ओतप्पवती | विष्णु माया बाडे |
| २५. | ऋषिणी त्यागवती | विष्णु माया बाडे |
| २६. | ऋषिणी श्रुतवती | ज्ञान नानी बाडे |
| २७. | ऋषिणी संघवती | ईश्वरी माया बाडे |
| २८. | ऋषिणी प्रितिवती | ज्ञान लक्ष्मी बाडे |
| २९. | ऋषिणी करूणावती | कृष्ण माया बाडे |
| ३०. | ऋषिणी सुधम्मावती | धन केशरी धुँमन |
| ३१. | ऋषिणी विजयवती | धन लक्ष्मी बाडे |
| ३२ | ऋषिणी सतिवती | गुण केशरी घजु |
| ३३. | ऋषिणी दर्शनावती | चन्द्र माया बाडे |
| ३४. | ऋषिणी तेजवती | सुविना मेजु |
| ३५. | ऋषिणी निभयवती | मोहन माया तको |
| ३६. | ऋषिणी श्यामावती | कान्छी माया दुवाल |

सो पवित्र महापरित्राण पाठमा सहभागी हुनु भएका ऋषिणी र उपासक उपासिकाहरू गरी जम्मा १४३ जना श्रद्धालुहरूबाट भिक्षु महासंघलाई अष्ट परिष्टकार दान गर्नु भएका थिए । सो अष्टपरिष्कार दानबाट उपलब्ध रकम रू. २,१४,,५००।– श्रद्धेय भिक्षु महासंघ मार्फत लुम्बिनीमा निर्माणाधीन रहेको थेरवादी बुद्ध विहारको निर्माण कार्यमा सहयोगार्थ प्रदान गरिने ब्यहो्रा प्रस्तुत समाचारमा उल्लेख गरिएको छ ।

***"सब्ब पापस्स अकरणं, कसलस्स उपसम्पदा, सचित्त परियोदपनं एतं बुद्धान सासनं"***

*अर्थ- कुनै प्रकारका पापकर्म नगर्नु, कुशल (राम्रो) काम गर्नु र आफ्नो चित्तलाई परिशुद्ध राख्नु ।*

***Not to do Evil, To Cultivate Merit, To Purify One's Own Mind.***

*भावार्थ- **पाप कर्म नगर्दैमा पुग्दैन र कुशल कर्महरू मात्र गरेर पनि पुग्दैन, मुख्य कुरो त आफ्नो चित्त शुद्ध हुनुपर्छ ।***

**– बुद्धको मूल शिक्षा This is Teaching of the Buddha**



Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



*जन्म :*
बि.सं. १९८७ बैशाख ५ गते,
विहीवार
(ने.सं. १०५१ चउलागाः दशमी)

*दिवंगत :*
बि.सं. २०७४ भाद्र २ गते,
शुक्रवार
(ने.सं. ११३७ गुंलागाः, एकादशी)

# दिवंगत कमलरत्न तुलाधर, भोटाहिटी, यँ

अनन्त गुणं जाःम्ह ममतामयी जिमि **श्रद्धेय बाः कमल रत्न तुलाधर** द्विवंगत जुयाद्गिल । वयकःया पारलौकिक जीवन सुखमय ज्वीमा । सुगति प्राप्त जुयाः यकानहे निर्वाणया हेतु नं चूलाय्‌मा धकाः कामना यासे पुण्यानुमोदन यानाच्वना ।

*म्ह्याय्‌पिं:* – *जिलाजंपिं:*
**रत्नकमल – उत्तम विर सिं ताम्राकार**
**मन्दिरा – प्रकाश मान सिं बनिया**
**सहिना – रविन्द्र रत्न तुलाधर**

*छय्‌:* – *छय्‌ जिलाजं:*
**सभ्यता ताम्राकार, देओल – मन्प्रीत देओल**

*छय्‌पिं:*
**उत्थान विर सिं ताम्राकार, श्रविण तुलाधर, प्रमिना बनिया**
**अनुमा बनिया, वरदा तुलाधर, मोक्षदा तुलाधर**

मुद्रकः न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com
सम्पर्क कार्यालय: शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI
## A BUDDHIST MONTHLY



साभार: बुद्ध जीवन चित्रावली - आचार्य सत्यनारायण गोयन्का

दासी खुज्जुत्तराले महारानी स्यामावती सामू ८ मुद्राको फूल किनेर ल्याई यसको कारण बताउँदै ।

वर्ष-३५; अङ्क-८

बु.सं. २५६१, योमरी पुन्हि

Downloaded from http://www.dhamma.digital

<u>*आवरण चित्र परिचय*</u>

# दासी खुज्जुत्तरा

*लेखक*- **कल्याण मित्र सत्यनारायण गोयन्का**

*अनुवाद*- **वीर्यवती**

खुज्जुत्तरा कौशाम्बीका सेठ घोषकको धाईकी पुत्री थिइन्। उनको वास्तविक नाम त उत्तरा थियो। तर कुप्री भएकी हुनाले उनीलाई मानिसहरूले खुज्जुत्तरा भन्ने गर्थे। अर्थात् कुप्री उत्तरा भन्ने गर्थ्यो। ठूली भइसकेपछि उनी कौशाम्बीकी रानी श्यामवतीको दाशी बन्न पुगिन्। उनीले हरेक दिन रानी (श्यामावती) को लागि बजारमा फूल किन्न जान्थिन्। रानीले उनीलाई फूल किन्नको लागि ८ मुद्रा दिने गर्थिन्। आठ मुद्रा मध्ये उनीले चार मुद्राको मात्र फूल किनेर ल्याउने गर्थिन् भने चार मुद्रा नाफा खाने गर्थिन्। एकदिन उनीले फूल किन्न जाँदा नगरमा भगवान् बुद्धबाट धर्म उपदेश सुन्ने मौका प्राप्त गरिन्। धर्म उपदेश सुन्दा सुन्दै उनीले संसारको उत्पत्ति विनाश स्वभावलाई भित्री मन देखि बुझ्न सक्ने भईन्। सांसारको यस अनित्य स्वभाव रूपी दुःखलाई निरोध गर्ने उपायलाई पनि बुझ्न सक्ने भइन्। फलस्वरूप उनीले (मुक्ति मार्गको प्रथम खुड्किलो) स्रोतापत्ति फल प्राप्त गरिन्। मन, भित्रबाट विपश्यना ज्ञान जाग्रत भएको कारणले खुज्जुत्तराको बानी व्यवहार सुधिन थाले। (आफ्नो गलत बानी व्यवहारहरूलाई चिन्न थालिन्), आफूले प्रतिदिन ४ मुद्रा नाफा खाने गरेको गलत बानीलाई सुधार्न सक्षम भइन्। त्यसैले उनीले आफ्नी मालिकनी श्यामावतीलाई आठ मुद्राको फूल किनेर लगिन्। उनीले ४ मुद्रा नाफा खान सकिनन्। यसकामलाई उनीले अधर्म सम्झन थालिन्। उनीले भगवान् बुद्धको शिक्षालाई आफ्नो जीवनमा प्रयोग गरिन्।

**अदिन्नादाना वेरमणी - सिक्खापदं समादियामि।**

अर्थात्– अरूको अधिनमा रहेको सम्पत्ति उनीहरूले नदिए सम्म नलिने अर्थात् चोरी नगर्ने शिक्षा पालन गर्छु।

रानी श्यामावतीले धेरै मात्रामा फूल देखेपछि यसको कारण खुज्जुत्तरालाई सोधिन्। त्यसपछि खुज्जुत्तराले फेरि भगवान् बुद्धको शिक्षा सोच्न थालिन्–

**मुसावादा वेरमणी – सिक्खापदं समादियामि।**

अर्थात् – झूठो कुरा नबोल्ने शिक्षा ग्रहण गर्दछु। त्यसैले उनीले फूल धेरै किनेर ल्याएको कारण सत्य तथ्य घटना वताउन थालिन्। रानी श्यामावतीले खुज्जुत्तराको तर्फबाट भगवान् बुद्धको उपदेश सुनिन्। उपदेश सुनेपछि उनी ज्यादै प्रभावित भइन्। त्यसैले उनीले खुज्जुत्तरालाई दिनहुँ भगवान बुद्धको उपदेश सुनी आफू सहित दरवारका अन्य नारीहरूलाई पनि सुनाउन आउनु भनी आदेश दिइन्। उनको आदेशको पालन गर्दै खुज्जुत्तराले दिनहुं धर्मउपदेश सुनाउन आईन्।

खुज्जुत्तराले धर्म उपदेश सुनाउँदा सुनाउँदै र रानी श्यामावती तथा उनकी साथीहरूले धर्म सुन्दा सुन्दै स्रोतापत्ति फलमा प्रतिष्ठित भए। खुज्जुत्तराको स्मरण शक्ति धेरै तेज थियो। सद्धर्म सुन्दै सुनाउँदै उनी त्रिपिटकधरा हुन सफल भइन्।

रानी श्यामावती खुज्जुत्तराको तर्फबाट भगवान् बुद्धको उपदेश सुन्न पाएकोले ज्यादै प्रफुल्लित भइन्। उपदेश सुन्ने अवस्थामा श्यामावतीले खुज्जुत्तरालाई अग्लो आसनमा बसाई आफू तल्लो आसनमा बस्ने गर्थिन्। खुज्जुत्तरा प्रति रानी श्यामावतीको ज्यादै श्रद्धा बढ्न थाल्यो। त्यसैले श्यामावतीले खुज्जुत्तरालाई दासीत्त्व भावबाट मुक्त गरिन्। खुज्जुत्तरालाई उनीले आफ्नै आमा को दर्जा दिई पूज्य मानिन्। किनभने खुज्जुत्तराले उनीलाई सद्धर्ममा प्रतिष्ठित गरी नयाँ जन्म दिएकी थिइन्।

खुज्जुत्तरा भगवान् बुद्धको प्रमुख गृहस्थ शिष्य मध्ये एक भइन् त्यसैले भगवान बुद्धले भन्नुभयो–

**"एतदग्गं भिक्खवे,**
**मम साविकानं बहुस्सुतानं यदिदं खुज्जुत्तरा।**

- अ.नि. १.१. २६० एतदग्गवग्ग

"भिक्षुहरू, मेरा वहुश्रुत श्राविकाहरू, उपासिकाहरू, मध्ये खुज्जुत्तरा अग्र छिन्।"

Downloaded from http://www.dhamma.digital